# अन्तिम लेखापरीक्षण प्रतिवेदन

माछापुच्छ्रे गाउँपालिका, कास्की

## आर्थिक वर्ष २०७६/७७

महालेखापरीक्षकको कार्यालय
काठमाडौं

# *Serving the Nation and the People*

## दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# महालेखापरीक्षकको कार्यालय

**Office of the Auditor General**

(बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महा-निर्देशनालय)

Phone: 4262381
4262415, 4262417
Fax: 977-1-4268309
977-1-4262798
Post Box: 13328
बबरमहल, काठमाडौं, नेपाल


पत्र संख्याः २०७८/७९
च.नं.: १५३

मितिः २०७८।०५।०४

श्री अध्यक्षज्यू,
माछापुच्छ्रे गाउँपालिका,
गाउँकार्यपालिकाको कार्यालय,
कास्की ।

**विषयः- लेखापरीक्षण प्रतिवेदन ।**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारबाहीको लागि अनुरोध छ ।

(इन्द्र प्रसाद आचार्य)
नायव महालेखापरीक्षक

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ। लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद ब्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ। त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय ब्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ। प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ। फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रबर्द्धन हुने विश्वास लिइएको छ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन्। त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन्।

स्थानीय तहको आन्तरिक ब्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ। साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ। लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो। लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु।

**(टंकमणि शर्मा, दंगाल)**

**२०७८ भाद्र ४ गते** **महालेखापरीक्षक**

# महालेखापरीक्षकको कार्यालय

**Office of the Auditor General**

Phone: 4262381
4262415, 4262417
Fax: 977-1-4268309
977-1-4262798
Post Box: 13328
बबरमहल, काठमाडौं, नेपाल

**(बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महा-निर्देशनालय)**


पत्र संख्याः २०७८/७९ च.नं.: १५३ मितिः२०७८।०५।०४

श्री अध्यक्षज्यू,
माछापुच्छ्रे गाउँपालिका,
गाउँकार्यपालिकाको कार्यालय,
कास्की।

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

**कैफियत सहितको राय**

हामीले माछापुच्छ्रे गाउँपालिकाको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित आय व्यय विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित आय- व्यय विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको रायव्यक्त गर्ने आधार**

१. लेखापरीक्षणबाट रु.३ करोड ३१ लाख ४१ हजार बेरुजू देखिएको छ।सोमध्ये असुल गर्नुपर्ने रु.१ करोड १७ लाख ५३ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु. ४८ लाख २९ हजार र नियमित गर्नुपर्ने रु.१ करोड ६५ लाख ५९ हजार रहेको छ।

२. लेखापरीक्षणमा देखिएका व्यहोराहरूका सम्बन्धमा मिति २०७८।२।१ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्यौंट भएका दफाहरू हटाई कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना २६ (छब्बिस) यसैसाथ संलग्न छ ।

३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसंग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानून बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यकारिणी, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत पालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रुपमा गलत आँकडारहित रहेको होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

**(इन्द्र प्रसाद आचार्य)**
**नायव महालेखापरीक्षक**

**परिचयः** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकार संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो। स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रर्वधन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ। गाउँपालिकामा ९ वटा वडा र ५४५.५२ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको छ।

**स्थानीय संचितकोषः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम गाउँपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार संचालनमा भएका व्ययहरु समावेश भएको आय व्यय हिसाव सहितको आर्थिक वर्ष २०७६।०७७ को संचित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ ।

| **विवरण** | **टिप्पणी** | **यस वर्ष रु.** | | | |
|---|---|---|---|---|---|
| | | **बजेट** | **आफैले गरेको प्राप्ति / भुक्तानी** | **वस्तुगत/सोझै भुक्तानी** | **जम्मा** |
| **प्राप्ति (क+ख)** | | ६२९८६१९६७.५३ | ६०७८४१८९४.९६ | | ६०७८४१८९४.९६ |
| **क.प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)** | | ४८३६९५४६६.५३ | ४६०३५८२१३.३५ | ० | ४६०३५८२१३.३५ |
| ११००० कर | ११ | १०७४६८००० | ८९३५४६८८.३८ | ० | ८९३५४६८८.३८ |
| १३००० अनुदान | | ३७१९२२४६६.५३ | ३६०३६१०२९.१७ | ० | ३६०३६१०२९.१७ |
| संघीय सरकार | १२ | ३४३१९२४०२ | ३३३४२९१८४ | ० | ३३३४२९१८४ |
| प्रदेश सरकार | १२ | २१९४३००० | २१९४३००० | ० | २१९४३००० |
| जनसहभागिता | | ७९३००० | ७९३००० | ० | ७९३००० |
| १४००० अन्य राजस्व | | ४३०५००० | १०६४२४९५.८० | ० | १०६४२४९५.८० |
| ख.अन्य प्राप्ति | | १४६१६६५०१ | १४७४८३६८१.६१ | | १४७४८३६८१.६१ |
| कोषहरु | | ८५२४५०१ | ८५२४५०१ | ० | ८५२४५०१ |
| धरौटी | | ० | ३१६७६६७.६१ | ० | ३१६७६६७.६१ |
| संघीय,प्रदेश सरकार वा अन्य कार्यक्रम | | १३७६४२००० | १३५७९१५१३ | ० | १३५७९१५१३ |
| भुक्तानी (ग+घ) | | ७२६४६५४०३.५३ | ५२१९२१२५१ | | ५२१९२१२५१ |
| ग.भुक्तानी (सञ्चित कोषबाट) | | ५८०२९८९०२.५३ | ३८२६७५६०३ | | ३८२६७५६०३ |
| २१००० पारिश्रमिक/ सुविधा | १८ | २१९१७५०७६ | १९०९५१३९३ | ० | १९०९५१३९३ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | ७६६७०३९८ | ६००६८९५८ | ० | ६००६८९५८ |
| २५००० सहायता(क्गादकष्मथ० | १८ | १३२०२००० | १२८८४५६९ | ० | १२८८४५६९ |
| २७०००सामाजिक सुरक्षा | १८ | ३९१८००० | ३०५०६९३ | ० | ३०५०६९३ |
| २८००० अन्य खर्च | १८ | ४६८४६७०१ | ३६५१६० | ० | ३६५१६० |
| ३१००० गैर वित्तिय सम्पत्ती/पूँजीगत खर्च | १८ | २२०४८६७२७.५३ | ११५३५४८३० | ० | ११५३५४८३० |
| घ.अन्य भुक्तानी | | १४६१६६५०१ | १३९२४५६४८ | | १३९२४५६४८ |
| कोषहरु | | ८५२४५०१ | ३५३०६५६ | ० | ३५३०६५६ |
| धरौटी | | ० | १६६६३९६ | ० | १६६६३९६ |
| संघीय,प्रदेश सरकार वा अन्य कार्यक्रम | | १३७६४२००० | १३५७९१५१३ | ० | १३५७९१५१३ |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बांकी | | | (१७४२९१७) | ० | (१७४२९१७) |
| ङ.यो वर्षको बचत(न्युन) | | (९६६०३४३६) | ८५९२०६४३.९६ | ० | ८५९२०६४३.९६ |
| च.गतवर्षको जिम्मेवारी रकम(अ.ल्या) | | | १०२२०७९४६.५४ | ० | १०२२०७९४६.५४ |
| वर्षान्तको बांकी रकम(ङ+च) | | (९६६०३४३६) | १८८१२८५९०.५० | ० | १८८१२८५९०.५० |
| बैंक तथा नगद बांकी | २४ | | १८८१२८५९०.५० | ० | १८८१२८५९०.५० |

<table>
<tr><th>दफा नं</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>वेरुजु रकम</th></tr>
<tr><td></td><td>असुलीः लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनको प्रतिक्रिया फर्छ्यौटवाट पोशाक खर्च, दोहोरो सुविधा, पदाधिकारी विमा प्रिमियम लगायतका शिर्षकवाट रु. ९४५११५/- असूल भई संचितकोष दाखिला भएको छ ।</td><td></td></tr>
<tr><td>१.</td><td>वित्तीय विवरणको विश्लेषणः स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिकाले प्रत्येक वर्षको श्रावण १ गतेदेखि आगामी वर्षको आषाढ मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राखुपर्दछ। सोही ऐनको दफा ६९ मा तोकिएअनुसार गाउँपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ। यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्<br>
• स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन।<br>
• पालिकाले पेश गरेको प्रमाणित एकिकृत आर्थिक विवरण तथा सुत्रको २७२ विच निम्नानुसारको फरक देखिएकोले पालिकाले सोको एकिन गर्नुपर्ने देखियो।<br>
<table>
<tr><th>संचित तथा विभिन्न कोषको यथार्थ बैंक मौज्दात</th><th>सुत्रको २७२ मा देखाएको बैंक मौज्दात</th><th>फरक देखिएको रकम</th><th>सुत्रमा बढी देखिएको</th></tr>
<tr><td>१८०६५८३१७।३१</td><td>१८८१२८५९०।५०</td><td>७४७०२७३।१९</td><td>७४७०२७३।१९</td></tr>
</table>
कोषको सञ्चालन, व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरुपता र शुद्धता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) को प्रयोग गरेको भएता पनि सो ले देखाएको वित्तिय प्रतिवेदन यथार्थ रहेको पाईएन।<br>
• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राखुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले एकिकृत आर्थिक संकेत वर्गिकरण र व्याख्या, २०७४ अनुसार वजेट तयार तथा कार्यान्वयन दुवै गरेको छैन जसले चालु प्रकृतिका काम पूँजीगतमा तथा पूँजीगत कार्यलाइ चालु खर्च शिर्षकमा राखी खर्च गरेको पाइयो।<br>
• पालिकाले पालिकामा प्राप्त भएका सम्पुर्ण आम्दानीलाई आम्दानी वाँधी वैक दाखिला गर्नुपर्नेमा सोझै वैक जम्मा गराउने र वैक स्टेटमेन्टको आधारमा मात्र आम्दानी वाँध्ने गरेकोले पालिकाले पेश गरेको वित्तिय विवरणले यथार्थ अवस्था चित्रण गर्दैन।<br>
पालिकाले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ।</td><td></td></tr>
<tr><td>२.</td><td>आन्तरिक नियन्त्रण प्रणालीः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन।<br>
• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको पञ्जिकरण लगायतका आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाईएन ।<br>
• पालिकाले २०७६।७७ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>
• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा ट्रान्सफर गर्नुपर्नेमा आर्थिक वर्ष समाप्त भए पश्चात् पनि पालिकाले सञ्चित कोषमा रकम ट्रान्सफर गरेको पाइएन।</td><td></td></tr>
</table>

| | | |
|---|---|---|
| | • पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन। साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br>• कार्यालयको श्रेस्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।<br>• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा पालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन।<br>• स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन।<br>• दिगो बिकास योजना (२०१५-२०३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन।<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न व्यक्ति तथा संघ संस्थालाई वितरण गरेको पाईयो।<br>• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन।<br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन।<br>• मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको तथा इ-टीडिएस गरेको पाइएन।<br>• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन।<br>• सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन।<br>• संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन। | |

| | | |
|---|---|---|
| | • पालिकाले आयोजना कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः योजनामा सोको पालना भएको पाईएन।<br>• वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन ।<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईए ।<br>• संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७३।१२।२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको पाईएन।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था अनुसार योजना तर्जुमा तथा कार्यन्वयन गरेको पाइएन ।<br>• फोहोरमैला व्यवस्थापन ऐन, २०६८ को दफा ३ मा फोहोरको व्यवस्थापन गरी गाउँ तथा नगर सफा राख्ने जिम्मेवारी स्थानीय तहको हुने उल्लेख भएकोमा पालिकाले फोहोरमैला व्यवस्थापन गर्न दिर्घकालिन योजना वनाई कार्यान्वयन गरेको पाइएन ।<br>• सामाजिक सुरक्षा नियमावली २०७६, को नियम २३(१) मा स्थानीय तहले आफ्नो क्षेत्रभित्र वितरण गरिएको सामाजिक सुरक्षा भत्ताको चौमासिक तथा बार्षिक प्रतिवेदन अनुसूची ६ बमोजिमको ढाँचामा तयार गरी विभाग तथा प्रदेशको सामाजिक सुरक्षा सम्बन्धी विषय हेर्ने निकायमा पठाउनु पर्नेमा पालिकाले समयमा प्रतिवेदन गर्ने कार्य गरेको पाइएन।<br>• सामाजिक सुरक्षा कार्यक्रम संञ्चालन कार्यविधि, २०७५ दफा ३३ (क) मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरुको विवरण सम्बन्धित वडा समितिहरुको सिफारिसका आधारमा स्थानिय तहको सभामा पेश गर्नुपर्नेमा नगरेको साथै पालिकावाट पठाएको रकम लाभग्राहीको खातामा बैंकले १५ दिनभित्र जम्मा गरी प्रत्येक खातामा जम्मा भएको रकम देखिने विवरण सहितको (Reverse Feed) विवरण पेश गर्नुपर्ने ब्यवस्था रहेकोमा गाउँपालिकामा उक्त शर्तअनुसार वैकवाट चौमासिक रुपमा जम्मा भएको विवरण प्राप्त भएको देखिएन।<br>• **निस्क्रिय खाताः**सामाजिक सुरक्षा कार्यक्रकम संचालन कार्यविधि २०७५ अनसुसूचि ७ को बुंदा न ७ मा सामाजिक सुरक्षा विशेष बचत खाता संचालन गर्ने बैंक तथा वित्तिय संस्थाले यस प्रकारका विवरण खाताहरु मध्ये निस्क्रिय खाताको विवरण प्रत्येक श्रावण र माघ अनुसुची ८ को बुंदा नं १० मा बैंकले निष्क्रिय खाताको विवरण स्थानीय तहलाई दिनुपर्ने ब्यवस्था छ।.लेखापरीक्षणको क्रममा विवरण माग गरेपश्चात निस्क्रिय खाताको प्रमाणित विवरण प्राप्त नभएकोले  निस्क्रिय खाता भए नभएको यकिन हुन सकेन।<br>• गाउंपालिका र अन्तर्गतका वडाको स्वामित्वमा रहेको भवन, जग्गा, सवारी साधन, फर्निचर तथा विद्युतिय सामान लगायतका सम्पत्तीको मुल्याङकन समेत देखिने गरी अभिलेख अद्याबधिक गर्नुपर्नेमा सो गरेको पाइएन।<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई ऐन तथा नियमावलीमा भएको व्यवस्था बमोजिम प्रभावकारी र विश्वसनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ। | |

३. **नामनामेसी सहितको विवरणः** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि,२०७५ अनुसार सामाजिक सुरक्षा भत्ता प्राप्त गरेका लाभग्राहीको नामनामेसी सहितको विवरण प्रत्येक चौमासिक रुपमा सम्बन्धित बैंकवाट पालिकाले लिनुपर्ने व्यवस्था रहेको छ। बैकंवाट प्राप्त चौमासिक विवरणमा पालिकावाट प्राप्त विवरण अनुसार नै भत्ता रकम जम्मा गरेको विवरण खुलेको तर भत्ता रकम सम्बन्धित लाभग्राहिको खातामा जम्मा गरेको नामनामेसी सहितको विवरण नखुलेको हुंदा सम्बन्धित लाभग्राहिको खातामा नै रकम जम्मा भयो वा भएन यस सम्बन्धमा आश्वस्त हुन सकिएन। नामनामेसी सहितको चौमासिक विवरण लिई कार्यविधिको पालना गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ।

४. **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। स्थानीय तहमा रु.५६करोड ६१ लाख ४६ हजारको बजेट मिति २०७६।०३।१२ गते सभा समक्ष पेश गरेकोमा २०७६।३।१२ मा पारित भएको छ। बजेट पारित पश्चात गाउँपालिका अध्यक्षले ७ दिनभित्र प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यस्थानुसार २०७६।०३।१९ मा प्रमुख प्रशासकिय अधिकृतलाई अख्तियारी प्रदान गरेको पाइयो।

५. **चौमासिक पूँजीगत खर्चः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक लक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ। कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पूजिगत खर्चको स्थिति देहाय बमोजिम छ। यसरी आर्थिक वर्षको अन्त्यतिर मात्र अधिक खर्च गरी योजना सञ्चालन गर्दा सञ्चालित कार्यक्रम तथा निर्मित संरचनाको गुणस्तर तथा दिगोपनामा समेत प्रभाव पर्न सक्छ। त्यसैले पालिकाले निर्धारीत समयभित्र कार्य सम्पादन गर्नुपर्दछ। (रु. हजारमा)

| पूँजीगत खर्च शीर्षक | कुल खर्च | चौमासिक खर्च | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|
| | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | |
| पुँजीगत | ११५३५५ | २३८१ | २२११५ | ९०८५९ | ४१६६४ |
| खर्चको प्रतिशत | १०० | २.०७ | १९.१७ | ७८.७६ | ३६.१२ |

चौमासिकगत खर्चको स्थितिबाट पहिलो चौमासिकमा पूँजीगत खर्चमा २ प्रतिशत तथा तेस्रो चौमासिकमा ७८.७६ प्रतिशत खर्च हुनुले वर्षान्तमा बढी खर्च भएको देखियो। विकास निर्माणका सबै जसो कार्य आर्थिक वर्षको अन्त्यमा हुनुले वर्षान्तमा हतारमा काम गर्नुपर्ने तथा प्राविधिक मूल्यांकन गरी भुक्तानी गर्नुपर्ने देखिएकोले काममा गुणस्तर समेत हुन नसक्ने भएकोले चौमासिक रुपमा काम गर्ने परिपाटी वनाउनु पर्ने देखिन्छ।

६. **अनुगमन तथा भ्रमण खर्चः** भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमण खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण गरेपछि सो को अभिलेख अनुसूची ६ को ढाँचामा राख्नुपर्ने तथा भ्रमणलाई विश्वसनीय वनाउन आवस्यकता अनुसार आन्तरीक नियन्त्रण प्रणालीको थप व्यवस्था गर्नुपर्ने उल्लेख छ। नियम १९ मा जिल्लाभित्रको ठाउँको दुरीको विवरण राख्नुपर्ने उल्लेख छ। कार्यालयले यस वर्ष विषयगत शिर्षक तथा कन्टिन्जेन्सी वाहेक चालू खर्च शिर्षकवाट रु. १५ लाख ६८ हजार खर्च लेखेको छ तर भ्रमणको उद्धेश्य, अनुगमन तथा भ्रमण प्रतिवेदन, भ्रमण अभिलेख, दुरीको विवरण, सवारी साधनको टिकट आदि राखेको छैन। जसले गर्दा अनुगमन तथा भ्रमणको सहि सदुपयोग भएको छ भन्ने आधार रहेन। यसमा सुधार गर्नुपर्ने देखिन्छ।

७. **योजना र कार्यान्वयनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ। साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु

पर्ने व्यवस्था छ। कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ। साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालिन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ। यस वर्ष संचालन भएका योजनाहरु देहायअनुसार छन्:

| स न | ववरण | योजना संख्या | रकम (रु हजारमा) |
|---|---|---|---|
| १. | रु एक लाख भन्दा कमको योजना | ९ | ८५० |
| २. | रु एक लाख देखी पाँच लाख सम्मका योजना | १०६ | ३३८५० |
| ३. | रु पाँच लाख देखि दश लाख सम्मका योजना | २० | १६६९० |
| ४. | रु दश लाख देखि पचास लाख सम्मका योजना | २ | ९००० |
| ५. | रु पचास लाख भन्दा माथिका योजना | २ | ४०००० |
| | जम्मा | १३९ | १००३९० |

८. **सेवा प्रवाहः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा गाउँपालिका तथा वडा कार्यालयको काम, कर्तव्य र अधिकारको व्यवस्था छ। गाउँपालिकावाट प्राप्त विवरण अनुसार यस वर्ष नागरिकता सिफारिस ७५७, घरबाटो सिफारिस ५६४, नाता प्रमाणित ५४७, जन्म तथा मृत्यु दर्ता ९९८, वसाईसराई ४३ र अन्य ३५६४ दर्ता गरेको पाइयो। पालिकाले अन्यमा ३५६४ संख्या दर्ता भएको भनिएकोमा कुन कुन हो भनी एकिन गरी नपठाएकोले पंञ्जीकरणबाट यथार्थ विवरण प्राप्त नभएकोले पालिकाले पञ्जिकरण दर्ता तथा सिफारिस सम्वन्धमा व्यवस्थित अभिलेख राखेको पाइएन। पालिकाले ऐन वमोजिम सोको अभिलेख व्यवस्थित गर्नुपर्दछ।

९. **क्षेत्रगत बजेट र खर्च-** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ। यस पालिकाको २०७६।७७ को क्षेत्रगत बजेट खर्चको स्थितिको शिर्षकगत विवरण पेश नभएकोले क्षेत्रगत वजेट खर्चको शिर्षकगत अवस्था एकिन गर्न सकिएन। खर्चको शिर्षकगत विवरण तयार गर्नेतर्फ ध्यान दिनुपर्दछ।

(रु हजारमा)

| मुख्य क्षेत्र | वार्षिक वजेट | खर्च रकम | कुल मध्ये खर्च प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | २६९२० | २५३५७ | ६.६३ |
| सामाजिक क्षेत्र | २५२१८७ | २२३२५७ | ५८.३४ |
| पूर्वाधार विकास क्षेत्र | १६२०८६ | ७७६२५ | २०.२८ |
| वित्तिय व्यवस्थापन तगा सुशासन | ८७२३ | ४९३१ | १.२९ |
| कार्य सञ्चालन तथा प्रशासनिक खर्च | १३०३८३ | ५१५०७ | १३.४६ |
| जम्मा | ५८०२९९ | ३८२६७७ | १०० |

१०. **खर्च बिश्लेषणः** पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु.३ करोड ८५ लाख ३० हजार, राजस्व बाँडफाँड र अनुदानबाट रु.४२ करोड १८ लाख २८ हजार समेत रु.४६ करोड ३ लाख ६१ हजार आम्दानी भएकोमा चालु तर्फ रु.२६ करोड ७३ लाख २१ हजार र पूँजिगत तर्फ रु.११ करोड ५३ लाख ५४ हजार समेत रु.३८ करोड २६ लाख ७५ हजार खर्च भएको छ। खर्च मध्ये आन्तरिक आयको हिस्सा १०.०६ प्रतिशत रहेको छ। यसबर्ष पदाधिकारी सुबिधामा रु.८७ लाख ४८ हजार खर्च भएको छ जुन आन्तरिक आयको २२.७० प्रतिशत रहेको छ। पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ५८.०६ प्रतिशत चालु र ४१.९३ प्रतिशत मात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ। यसबाट पालिकाहरुले बिकास निर्माण प्रयोजनमा कम खर्च गरेको प्रशासनिक प्रयोजनमा बढी खर्च भएको देखिन्छ। पालिकाले आन्तरिक आय वृद्धि गरी प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ।

| | | |
|---|---|---|
| ११. | **अनुदान फिर्ताः** संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले पेश गरेको सुत्रको वित्तिय प्रतिवेदनको अनुसुची २१ तथा कार्यालयबाट पेश भएको विवरणमा समेत सो रकम भिडान भएकोमा सुत्रको २१ मा भएको रु.३४९३१५९२।०० समपुरक तथा विशेषा अनुदानको रकम भएको एंव ५ वटा योजनाको मिति २०७७।०९।३० सम्म म्याद थप भएकोले दायित्व सिर्जना भएको भनी फिर्ता नगरेको पालिकाको भनाई रहेको छ। | |
| १२. | **जग्गा उपयोग मापदण्डः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २७ वमोजिम स्थानिय तहले भु जोखिम संवेदनशिलताका आधारमा जग्गाको उपयोग सम्वन्धि मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधिनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृती दिन सक्ने व्यवस्था छ। यस गाउँपालिकाले जग्गाको उपयोग सम्वन्धी मापदण्ड वनाई लागु गरेको देखिएन। स्थानीय तहले आफ्नो सवै क्षेत्र वा कुनै क्षेत्र तोकी त्यस्तो क्षेत्रमा वन्ने भवनहरुको लागि जग्गा तथा भवनको प्रकृती, समान ढाँचाको नमुना नक्सा तयार गर्न र सेवाग्राहीको लागि आफ्ना प्राविधिक कर्मचारीवाट नक्सा तयार गराई निःशुल्क उपालव्ध गराउने व्यवस्था रहकोमा कार्यान्वियन भएको देखिएन। जग्गाको उपयोग सम्वन्धी मापदण्ड तोकी जग्गा तथा भवनको प्रकृती वमोजिम नक्सा तयार तथा स्वीकृतिको व्यवस्था अपनाउनु पर्दछ। | |
| १३. | **आन्तरिक लेखापरीक्षण आंशिक मात्र गराएकोः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७(२) मा स्थानीय तहले कानुन वमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखापरीक्षण गर्नुपर्ने उल्लेख छ। कार्यालयले आय र व्ययको पुर्ण आन्तरीक लेखापरीक्षण नगरी एकल खाता प्रणाली वाट प्राप्त आम्दानीको आंशिक मात्र लेखापरीक्षण गरेको पाइयो। पुर्ण रुपमा आन्तरीक लेखापरीक्षण नहुँदा आन्तरीक नियन्त्रण प्रणाली कमजोर हुने तथा जसवाट आय र व्ययको यथार्थता चित्रण समेत नहुने अवस्था रहन्छ। अतः आन्तरीक लेखापरीक्षण अनिवार्य गर्नुपर्ने व्यवस्थाको पालना गर्नुपर्दछ। | |
| | **आन्तरिक आयतर्फ** : | |
| १४. | **आन्तरिक आयः** स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ९ मा पालिकाको वित्तिय अधिकार क्षेत्रको व्यवस्था रहेको छ। आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९,१०,१५ बमोजिम दैनिक तथा बार्षिक रुपमा प्राप्त भएको आय स्पष्ट देखिने गरी श्रेस्ता राख्नुपर्ने व्यवस्था भएकोमा नमुना छनौटका आधारमा लेखापरीक्षण गर्दा रसिद नियन्त्रण खाता राख्नुपर्नेमा नरहेको, वडा कार्यलयहरुमा पठाएका र फिर्ता आएका रसिदको अद्यावधिक श्रेस्ता नरहेको, रसिदको सिलसिलेवार नम्वर अनुसार उठाएको आय र बैंक दाखिलाको रकम नभिडेको हुँदा यो वर्ष घरबाटो सिफारिस दस्तुर, सम्पत्तिकर, मालपोत रजिष्टेशन शुल्क तथा अन्य आयवापत हुनुपर्ने वास्तविक आम्दानी एकिन गर्न सकिएन। यो वर्ष पालिकाले ढुंगा गिटी वालुवा र विविध सिफारिस दस्तुरमा आन्तरिक आयवापत रु.३ करोड ८५ लाख ३० हजार आम्दानी देखिएको छ। पालिकाले आवश्यक म.ले.प.फा.न. हरु र श्रेस्ता अद्यावधिक गरी आन्तरिक आयलाई पारदर्शी गर्ने गराउने र आयको उचित अभिलेखांकन तथा परिचालन गर्नेतर्फ ध्यान दिनुपर्दछ। | |
| १४.१. | **नगदी रसिदको अवस्था एकिन नभएकोः** पालिकाका विभिन्न वडामा संकलित राजस्व नगदी रसिद मार्फत संकलन गरिदै आएकोमा रसिद नियन्त्रण खाता अद्यावधिक नभएको कारणले पालिकामा आ.व. २०७५।७६ मा प्रयोग गरी वाँकी रहेका तथा यस वर्ष छपाई भई वितरण गरिएका नगदी रसिद तथा मालपोत रसिद के कति मात्रमा प्रयोगमा आए नआएका सम्वन्धमा एकिन गर्न सकिएन। पालिकाले दिएको जानाकारी अनुसार वडामा वितरण गरेको सम्पुर्ण रसिदहरु लेखापरीक्षण अवधिसम्म पनि पालिकामा उपलव्ध नभएकोले तथा आ.व. २०७६।७७ मा वितरण भएका नगदी नगदी रसिदमार्फत आ.व. २०७७।७८ मा समेत राजस्व संकलन भएकोले राजस्व सम्वन्धमा पालिकाले आम्दानी वाँधेको राजस्व यथार्थ हो भनी विस्वस्त हुन सकिएन। पालिकाले रसिद नियन्त्रण खाता अद्यावधिक गरी राजस्वको अभिलेखांकन पद्धतिलाई व्यवस्थित वनाउनुपर्दछ। | |

१४.२. **आन्तरिक आयको ठेक्काः** पालिकाबाट यस आर्थिक वर्षमा आन्तरिक आयतर्फ ढुंगा, गिट्टी र बालुवाको उत्खननको लागि भएको ठेक्का संझौताको स्थिति यस प्रकार रहेको छः

| ठेक्काको विवरण | ठेक्का न | न्यूनतम मूल्यांकन मूअकर समेत | संझौता रकम मू अ कर समेत | प्राप्त भएको रकम |
|---|---|---|---|---|
| प्रकृति निर्माण सेवा | ०४ | ४२१७२५५ | ४८५७३४४ | ४६१४४७७ |
| हरि ओम निर्माण सेवा | ०५ | ३४३५००० | ४४१५१२० | ४१९४३६४ |
| डि एल एस कन्स्ट्रक्सन प्रा लि | ०१ | २३९२४६० | २३९४१९५ | २३९४२०० |
| बराहथान निर्माण सेवा | ०२, ०३ | - | २०३८३००४ | ११६४४७५२ |
| जम्मा | | | ३२०४९६६३ | २२८४७७९३ |

१४.३. **संझौता बमोजिम उठ्न बाँकी रकमः** सेती नदीको दवाडिको वगर-२ मरेघाट २ रातोपानी १ ठेक्का न २ तथा दवाडीको वगर ३ मरेघाट-३ रातोपानीघाट ठेक्का न ३ को नदीजन्य पदार्थ उत्खनन तथा निकासी गर्न माछापुच्छ्रे गाउँपालिका तथा बराहथान निर्माण सेवा पर्वतबीच भएको संझौताको बुदाँ न २ बमोजिम निज फर्मले २०७६ फागुन मसान्तभित्र मालसामान निकासी वापत दुई ठेक्काको मू.अ.कर समेत रु.२०३८३००४।०० पालिकामा राजश्व बुझाउने गरी कवोल गरेको छ साथै संझौताको बुदाँ नं ३ मा २०७६ फागुन मसान्तभित्र सम्पूर्ण रकम नबुझाएमा पालिकाको तर्फबाट ठेक्का तोडी बाँकी रहेको रकम बैंक ग्यारेण्टीबाट असूल गरी थप १० प्रतिशत रकम क्षतिपूर्ती स्वरुप सरकारी बाँकी सरह असूल गर्ने गरी संझौता भएको छ। उक्त संझौता रकम मध्ये निर्माण व्यावसायीले विभिन्न मितिमा रु.११६४४७५२।०० बुझाएको र बाँकी रकम रु.८७३८२५२।०० हालसम्म पनि नवुझाएकोले संझौता अनुसार बाँकी रु.८७३८२५२।०० को १० प्रतिशतले हुने रु.८७३८२५।०० समेत गरी जम्मा रु.९६१२०७७।०० यथाशिघ्र असूल गरी स्थानीय संचित कोषमा दाखिला गर्नुपर्ने रु. ९६१२०७७

१४.४. **बढी छुटः** पालिकाले विभिन्न घाटको नदीजन्य पदार्थ उत्खनन तथा निकासी गर्नको प्रकाशन गरेको प्रस्ताव आह्वानको सूचनामा कबोल अंकको शत प्रतिशत रकम संझौता गर्दाकै बखत बुझाएमा ५ प्रतिशतले हुने रकम छुट दिने भनिएकफ तथा उक्त छुट रकम न्यूनतम मूल्यांकन भएको रकम भन्दा बढी कबोल गरेको रकममा मात्रै दिनुपर्नेमा न्यूनतम मूल्यांकन समेतको रकममा छुट दिएकोले निम्न निर्माण व्यवसायीबाट बढी छुट भएको रु.३८२६१३।०० असूल गरी दाखिला गर्नुपर्ने रु... ३८२६१३

| ठेक्काको विवरण | ठेक्का न | न्यूनतम मूल्यांकन मू अ कर समेत | संझौता रकम मू अ कर समेत | छुट दिनुपर्ने रकम | छुट दिएको रकम | बढी छुट दिएको रकम |
|---|---|---|---|---|---|---|
| प्रकृति निर्माण सेवा | ०४ | ४२१७२५५ | ४८५७३४४ | ३२००४ | २४२८६७ | २१०८६३ |
| हरि ओम निर्माण सेवा | ०५ | ३४३५००० | ४४१५१२० | ४९००६ | २२०७५६ | १७१७५० |
| जम्मा | | ७६५२२५५ | ९२७२४६४ | ८१०१० | ४६३६२३ | ३८२६१३ |

१४.५. **क्षतिपूर्तिः** लाहाचोक १ र २ तथा घाचोक १ र २ घाट ठेक्का न १ को नदीजन्य पदार्थ उत्खनन तथा निकासी गर्न माछापुच्छ्रे गाउँपालिका तथा डी. एल. एस. निर्माण सेवाबीच भएको संझौताको बुदाँ न २ मा २०७६ फागुन मसान्तभित्र सम्पूर्ण रकम बुझाउनुपर्ने तथा बुदाँ न ३ मा म्यादभित्र नबुझाएमा पालिकाको तर्फबाट ठेक्का तोडी बाँकी रहेको रकम बैंक ग्यारेण्टीबाट असूल गरी थप १० प्रतिशत रकम क्षतिपूर्ती स्वरुप सरकारी बाँकी सरह असूल गर्ने गरी संझौता भएकोमा कूल संझौता रकममध्ये रु.१००००००।०० चालु आर्थिक वर्ष २०७७।०६।१२ मा मात्र बुझाएको पाइयो। संझौतामा भएको व्यवस्था बमोजिम रु.१००००००।०० को १० प्रतिशतले हुने रु. १०००००।०० सम्वन्धितबाट असूल गरी दाखिला गर्नुपर्ने रु... १०००००

**कोभिड-१९ तर्फः**

१५. आ.व २०७६।७७ को अषाढ मसान्तसम्म कोभिड-१९ रोकथाम तथा नियन्त्रणको लागि भएको आम्दानी तथा खर्चको विवरण निम्नानुसार रहेको छ।

रु हजारमा

| आम्दानीका स्रोत | रकम | खर्च शिर्षक | रकम |
|---|---|---|---|
| स्थानीय तहको आफ्नै वजेटवाट | ५६४६६८३ | राहत वितरण | ५००००० |
| संघीय कोभिड कोषवाट | ० | क्वारेन्टाइन निर्माण तथा व्यवस्थापन | ३७७८१८ |
| प्रदेश कोभिड कोषवाट | ५००००० | औषधी एवं स्वास्थ्य उपकरण तथा सामाग्री खरिद | २११४०३३ |
| अन्य स्रोतवाट | ३७७८१८ | आइसोलेशन केन्द्र निर्माण | ० |
| संसद विकास कोषवाट | ० | जनशक्ति परिचालन | ५३८८०५ |
| शिक्षक कर्मचारीवाट | ० | अन्य खर्च | ० |
| | ० | बाँकी | २९९३८४५ |
| जम्मा | ६५२४५०१ | जम्मा | ६५२४५०१ |

**यस** सम्वन्धमा निम्नानुसार देखिएको छ।

- पालिकाले राहात वितरण गर्न खरिद गरेका खाद्यान्न सामाग्री तथा औषधी एवम् स्वास्थ्य उपकरण विना प्रतिष्पर्धा सिधै खरिद गरेको पाइयो।
- क्वारेन्टाइन तथा आइसोलेसन केन्द्रमा खरिद गरीएका सम्पुर्ण सामाग्री हालसम्म पनि पालिकाको कार्यालयमा आइनपुगेकोले कार्यालयमा ल्याई उचित व्यवस्थापन गर्नुपर्ने देखिन्छ।

१५.१. **कोभिड-१९ मा प्रतिकार्य (स्वंमसेवक) मा भएको खर्चः** गाउँपालिकाले कोभिड १९ को समयमा कोभिडको रोकथाम, नियन्त्रण तथा व्यवस्थापनको लागि प्रत्येक वडाका वडाध्यक्षहरुको संयोजकत्वमा कोभिड १९ प्रतिकार्य वडास्तरीय समितिको गठन गरी वडाका नाकाहरुमा प्रति वडा ३ जनाका दरले उक्त समयमा रोजगारी गुमेका, गरिव, विपन्न ब्यक्तिहरु सम्मिलित स्वंमसेवक समूह गठन गरी ३ वटा वडाबाट निम्नानुसार उनीहरुलाई प्रतिदिन रु.८००।०० का दरले भुक्तानी भएको जम्मा रु.३६००००।०० खर्च भएकोमा यसरी भएको खर्चलाई नियम संमत मान्ने आधार नदेखिएको रु.. ३६००००

| सि न | वडा न | स्वंमसेवक संख्या | जम्मा दिन | दर | जम्मा खर्च |
|---|---|---|---|---|---|
| १ | ४ | ३ | ४६ | ८०० | ११०४०० |
| २ | २ | ३ | ५८ | ८०० | १३९२०० |
| ३ | ३ | ३ | ४६ | ८०० | ११०४०० |
| | | | | **जम्मा** | ३६०००० |

**समानीकरण चालुः**

१६. **खाना तथा विविध खर्च** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ।गाउँपालिकाले यो वर्ष खाना तथा विविधमा रु २७ लाख ४० हजार खर्च गरेको छ।यस्तो खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ।

१७. **आर्थिक सहायताः** सरकारको बार्षिक कार्यक्रममा परेका बाहेक कुनै पनि सरकारी तथा गैरसरकारी संस्थालाई आर्थिक सहायता र अनुदान नदिने, तोकिएको मापदण्ड भित्र रहेर मात्र क्षतिपूर्ति, आर्थिक सहायता तथा औषधी उपचार खर्च वापत आर्थिक प्रदान गर्ने, यस्तो सहायता पाउने व्यक्ति तथा संस्थाको अभिलेख राखी एउटै व्यक्ति वा संस्थालाई दोहोरो सहायता उपलव्ध गराउन नहुने व्यवस्था सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारीता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७५ मा उल्लेख छ।साथै उपरोक्त व्यवस्था प्रदेश सरकार तथा स्थानीय तहका सवै कार्यालयहरु, सवै पदाधिकारी एंव कर्मचारीहरुले पालना गर्नुपर्ने उक्त मार्गदर्शनमा उल्लेख छ।पालिकाको विपद व्यवस्थापन तर्फको लेखापरीक्षण छनौटमा परेका केही भौचरको परीक्षण गर्दा रु.८ लाख ४७ हजार आर्थिक सहायता वितरण गरेको देखियो।आर्थिक सहायता वितरण गर्नुपुर्व पालिकाले आर्थिक सहायता मापदण्ड एंव कार्यविधि तयार

नगरेको, ठूलो रकम आर्थिक सहायताको रुपमा व्यक्ति तथा संस्थालाई वितरण गर्ने गरेको, आर्थिक सहायता पाउने व्यक्ति तथा संस्थाको लगत राख्ने नगरेको जस्ता अवस्था देखियो। पालिकाले आर्थिक सहायता एंव अनुत्पादक चालु प्रकृतिका खर्चमा कटौती नगरी पूँजिगत खर्चको हिस्सा बढाउन सक्ने अवस्था छैन। उत्पादनशिल क्षेत्रमा लगानी नगरी आर्थिक बृद्धि हासिल गर्न नसकिने भएकोले यस्ता प्रकृतिका खर्चमा कटौती गर्नुका साथै तोकिएको मापदण्ड भित्र रहेर मात्र क्षतिपूर्ति, आर्थिक सहायता र औषधी उपचार खर्च लेख्नुपर्ने देखिन्छ। पालिलकाले चालु आ. व. मा विभिन्न व्यक्ति तथा संस्थालाई वितरण गरेको आर्थिक सहायता यस प्रकार छन्।

| भौ.न र मिति | आर्थिक सहायता प्रदान गरिएको व्यक्ति तथा सस्थाको नाम | सहायता रकम |
|---|---|---|
| ०७,२०७६.०६.११ | धनकुमारी वि क लगाएत ९ जना | ४६००० |
| ०८,२०७६.०६.११ | सुकमाया कामी लगाएत | २५००० |
| २०,२०७६.०६.२४ | गणित शिक्षा परिषद | ५०००० |
| २१,२०७६.०९.०१ | विष्णु बहादुर दमै | १५००० |
| १५६,२०७७.११.०५ | अमृता थापामगर | २५००० |
| १७६,२०७६.११.२० | भजन समूह बाध्यवादन समूह | २००००० |
| १८९,.२०७६.११.२९ | बलभद्र भण्डारी | ५००० |
| १९३,२०७६.१२.०४ | मैना नेपाली | ५००० |
| १९७,२०७६.१२.०६ | झुपेन्द्र लम्साल | ५००० |
| २३९,२०७७.०२.१४ | औखारी आमा समूह | ३३००० |
| २८४,२०७७.०३.०१ | विभिन्न विद्यालयलाई बालक्लव गठनको लागि | २८००० |
| ३० ,२०७७.०३.०८ | ७ वटालाई दशैको शुभकामना आदान प्रदानको लागि रु ३० हजारका दरले | २१०००० |
| ३६७,२०७७.०३२३ | नौमती बाजा संरक्षणको लागि | २००००० |
| | जम्मा | ८४७००० |

यसरी विभिन्न व्यक्ति तथा संस्थालाई सहायता प्रदान गर्दा निश्चित मापदण्ड एंव कार्यविधि बनाई सोका आधारमा मात्र प्रदान गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ।

१८. **स्वीकृत दरवन्दी वेगरको करार सेवाः** संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले २०७४।१२।१४ मा जारी स्थानीय तहमा करारमा जनशक्ति व्यवस्थापन गर्ने कार्यविधि, २०७४ मा स्वीकृत दरवन्दी भन्दा अन्य रुपमा कर्मचारीहरु राखी तलव भत्ता वा पारिश्रमिक भुक्तानी गर्न नमिल्ने र त्यस्तो कार्य प्रचलित कानून विपरीत भई भुक्तानी गर्ने पदाधिकारीबाट असूल उपर गर्नुपर्ने व्यवस्था गरेको छ। पालिकाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ र ८७ तथा मन्त्रालयबाट जारी भएको उपरोक्त कार्यविधिमा उल्लिखित विपरीतको देहायका पदमा जम्मा ८ जनालाई वार्षिक जम्मा रु.२२१०२६०।०० भुक्तानी भएको रकम नियम संमत नभएको रु... २१६०४७०

| सि न | पद | करार सेवाका व्यक्तिको नाम | मासिक तलव | दशै समेत जम्मा खर्च |
|---|---|---|---|---|
| १. | उजुरी प्रशासक | लक्ष्मी आचार्य | २२००० | २८६००० |
| २. | स क अ | रविन आचार्य | १५००० | १९५००० |
| ३. | कार्यालय सहायक | अर्जुन भण्डारी | २२१७० | २८८२१० |
| ४. | कार्यालय सहायक | गंगा आचार्य | २२१७० | २८८२१० |
| ५. | कार्यालय सहायक | सीता लम्साल | २२१७० | २८८२१० |
| ६. | कार्यालय सहायक | चन्द्र कुमारी गुरुङ | २२१७० | २८८२१० |
| ७. | कार्यालय सहायक | दुर्गा प्रसाद दाहाल | १८३४० | २३८४२० |
| ८. | कार्यालय सहायक | ऋषी गौतम | २२१७० | २८८२१० |
| | | **जम्मा** | १७००२० | २१६०४७० |

| | | |
|---|---|---|
| १९. | **समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ताः** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ। पालिकाले निम्न १२ वटा विद्यायलयलाई पालिकाको समानीकरण अनुदानबाट सम्वन्धित विद्यायल व्यवस्थान समिति तथा वडाको सिफारिसका आधारमा निजि स्रोत शिक्षकको लागि रु.४५३८०००।०० निकासा दिएको पाइयो। विद्यालयलाई शसर्त अनुदानबाट माग बमोजिमको रकम प्राप्त हुने भएकोले समानीकरण अनुदानबाट निकासा भएको रकम अनियमित देखिएको रु. | ४५३८००० |

| सि न | विद्यालयको नाम | निकासा रकम |
|---|---|---|
| १. | इ सि डि शिक्षक अनुदान | ५८८००० |
| २. | मातृभाषा शिक्षा व्यवस्थापन तथा अनुदान | ३००००० |
| ३. | माछापुच्छ्रे मा वि शिक्षक अनुदान | ८००००० |
| ४. | श्री कृपा नि मा वि शिक्षक अनुदान | ३००००० |
| ५. | महेन्द्र मा वि लाई कम्प्युटर शिक्षक अनुदान | ३००००० |
| ६. | निष्पक्ष मा वि शिक्षक तथा छात्रवास व्यवस्थापन अनुदान | ८००००० |
| ७. | तारेबराह आ वि शिक्षक अनुदान | ५००००० |
| ८. | बम बहादुर घलेल आ वि शिक्षक अनुदान | २००००० |
| ९. | बाराही आ वि शिक्षक अनुदान | २००००० |
| १०. | सहिद हरि प्रसाद आ वि शिक्षक अनुदान | १००००० |
| ११. | गौरीशंकर मा वि शिक्षक अनुदान | २५०००० |
| १२. | बालबिकास केन्द्र  संचालन शिक्षक अनुदान | २००००० |
| | जम्मा | ४५३८००० |

| | | |
|---|---|---|
| २०. | **क्षेत्रफल भन्दा बढीमा डी.पी..आरः** गाउँपालिकाले पालिकाको प्रशासकीय भवनको कूल लागत अनुमान, माटो परीक्षण तथा विस्तृत परियोजना प्रतिवेदन तयारी गर्नको लागि मोदी ईञ्जिनियरिङ कन्सल्टेन्सी एण्ड कन्ट्रक्सन प्रा.लि.संग मू.अ. कर समेत प्रति रोपनी रु.५५३८८।०० का दरले जम्मा ९ रोपनीको डी पी आर गर्ने संझौता गरी सोही बमोजिम प्रतिवेदन प्राप्त भएकोमा पालिकाको स्वामित्वमा रहेको विभिन्न कित्ता नं को जग्गाको कूल क्षेत्रफल जम्मा ३०८९ वर्ग कि.मि वा ६ रोपनी मात्र भएको देखिन्छ। पालिकाको अनुसार बाँकी ३ रोपनी जग्गा परिवार नियोजन संघको नाममा रहेकोले उक्त जग्गाको समेत डी पी आर भएको भनाई रहेको छ। अन्य निकायको नाममा रहेको जग्गाको समेत डी. पी.आर.गरी भुक्तानी भएकोले उक्त रकम असूल गरी दाखिला गर्नुपर्ने रु.. | १६६१६४ |
| २१. | **सर्भे कार्यमा ओभरहेड भुक्तानीः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा परामर्श सेवाको लागत अनुमानमा ओभरहेड (शिरोभार) थप गर्ने व्यवस्था नभएकोमा पालिकाले निम्न २ दुई मोटर बाटोको १४ कि.मि सडकको डि.पि.आर कार्यको लागि लागत अनुमानमा नियमावलीको व्यवस्था विपरीत १५ प्रतिशत ओभरहेड खर्च थप गरी परामर्शदातासंग संझौता गरी भुक्तानी भएको पाइयो। तपसिलका परामर्शदाताहरुलाई बढी भुक्तानी भएको रकम सम्वन्धितबाट असूल गरी संचित कोषमा दाखिला गर्नुपर्ने रु... | १३०२१८ |

| | परामर्शदाताको नाम | योजनाको नाम | लागत अनुमान | संझौता रकम | बढी भुक्तानी |
|---|---|---|---|---|---|
| १ | आर.एन इन्फ्रास्ट्रक्चर एण्ड कन्सल्ट प्रा.लि | रातोपानीपुल भिडावारी धम्पुस सडक | ४९९१७० | ४९७९३५ | ६५१०९ |
| २ | श्री नमस्ते पोखरा ईञ्जिनियरिङ कन्सल्टेन्सी प्रा.लि | जोगीचौर पातीखोला धम्पुस देउराली सडक | ४९९१७० | ४९६३५३ | ६५१०९ |
| | | जम् ा | ९९८३४० | ९९४२८८ | १३०२१८ |

| | | |
|---|---|---|
| २२. | **सर्भे कार्यमा १.५% अग्रिम कर थप गरी लागत अनुमानः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा परामर्श सेवाको लागत अनुमानमा १.५% अग्रिम कर थप गर्ने व्यवस्था नभएकोमा पालिकाले समिवगर दोविल्लाघाट वडा नं ४ र ६ लगायतका विभिन्न घाटको प्रारिम्भिक वातावरणीय मूल्यांकनको लागि प्रफेक्ट ईञ्जिनियरिङ कन्सल्टेन्सी पोखरासंग संझौता गरी भुक्तानी भएकोमा योजनाको लागत अनुमान रु.४९७४०७।०० मा १.५% समेत थप गरी रु. ४९६४७४।०० मा संझौता भएकोले बढी भुक्तानी भएको रु.५५८४।०० सम्वन्धितबाट असूल गरी दाखिला गर्नुपर्ने रु... | ५५८४ |
| २३. | **दोहोरो अनुगमन भत्ताः** गण्डकी प्रदेश सरकारले जारी गरेको गाँउसभा, जिल्लासभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्वन्धी ऐन, २०७६ को अनुसूचीको (का) मा गाउँपालिकाका पदाधिकारीहरुले पाउने मासिक अनुगमन सुविधा वापत निम्न पदाधिकारीहरुले मंसिरदेखि आषाढ सम्मको एकमुष्ट रुपमा तोकिएको दरमा सुविधा लिएकोमा उल्लिखित मितिमा ऐनमा व्यवस्था भएको भन्दा फरक समेत भुक्तानी लिएकोले दोहोरो लिएको जम्मा रु। ११३६२५।०० ले पालिकालाई थप व्ययभार परेको रु... | ११३६२५ |

| सि न | गो।भौ।न र मिति | पद, नाम र थर | दोहोरो भुक्तानी लिएको रकम |
|---|---|---|---|
| १. | २७६।२०७७।०२।३० | गा पा अध्यक्ष कर्ण बहादुर गुरुङ | १८००० |
| २. | २७६।२०७७।०२।३० | गा उपाध्यक्ष कृष्ण कुमारी पौडेल दवाडी | १६८७५ |
| ३. | ४१..२०७७।०३।३० | वडाध्यक्ष बिरेन्द्र गुरुङ | ८७५० |
| ४. | ४१..२०७७।०३।३० | बिक्रम गुरुङ | ८७५० |
| ५. | ४१..२०७७।०३।३० | वडाध्यक्ष सूर्य प्रसाद लम्साल | ८७५० |
| ६. | ४१..२०७७।०३।३० | वडाध्यक्ष पूर्ण बहादुर शाही | ८७५० |
| ७. | ४१..२०७७।०३।३० | वडाध्यक्ष जुम बहादुर गुरुङ | ८७५० |
| ८. | ४१..२०७७।०३।३० | वडाध्यक्ष हरिश्चन्द्र ढुंगाना | ८७५० |
| ९. | ४१..२०७७।०३।३० | वडाध्यक्ष सम बहादुर गुरुङ | ८७५० |
| १०. | ४१..२०७७।०३।३० | वडाध्यक्ष कृष्ण प्रसाद दवाडी | ८७५० |
| ११. | ४१..२०७७।०३।३० | वडाध्यक्ष दुर्गा बहादुर क्षेत्री | ८७५० |
| | | जम्मा | ११३६२५ |

| | | |
|---|---|---|
| २४. | **लकडाउनको समयको समेत कक्षा संचालनको भुक्तानीः** ३४०।२०७७।०३।१८ पालिका र पिस पोखरा ल्याङग्वेज एण्ड ट्रेनिङ्ग इस्टिच्युट प्रा.लि संग मिति २०७६।१०।२२ मा संझौता गरी दोस्रो पक्ष (पिस पोखरा ल्याङग्वेज एण्ड ट्रेनिङ्ग इस्टिच्युट) ले लोकसेवाको निर्धारित पाठ्यक्रम अनुसार खरिदार तथा नायव सुब्बाको तयारी कक्षा मिति २०७६।१०।२२ देखि २०७६ साल चैत्र मसान्तसम्म ७२ दिन कक्षा संचालन गरेवापत प्रति विद्यार्थी रु. १००००।०० का दरले भुक्तानी हुने गरी संझौता भएको छ।पिस पोखरा ल्याङग्वेज एण्ड ट्रेनिङ्ग इस्टिच्युटले पालिकाबाट सिफारिस भई आएका २१ जनालाई तयारी कक्षा संचालन गरेको हाजिरी रेकर्डबाट स्पष्ट हुन्छ।कोरोना भाइरसको कारण मुलुकभर चैत्र ११ गतेबाट लकडाउन भएकोमा समेत संझौता बमोजिम चैत्र मसान्तसम्मकै भुक्तानी भएकोले २१ दिनको २१ जना विद्यार्थीको प्रति विद्यार्थी प्रतिदिन रु.१३९।०० का दरले हुने रु.६१२५०।०० सम्वन्धित इस्टिच्युटबाट असूल गरी दाखिला गर्नुपर्ने रु... | ६१२५० |
| २५. | **संझौता भन्दा बढी भुक्तानीः** ३४०।२०७७।०३।१८ पालिका र पिस पोखरा ल्याङग्वेज एण्ड ट्रेनिङ्ग इस्टिच्युट प्रा.लि संग मिति २०७६।१०।२२ मा संझौता गरी दोस्रो पक्ष (पिस पोखरा ल्याङग्वेज एण्ड ट्रेनिङ्ग इस्टिच्युट) ले लोकसेवाको निर्धारित पाठ्यक्रम अनुसार खरिदार तथा नायव सुब्बाको तयारी कक्षा मिति २०७६।१०।२२ देखि २०७६ साल चैत्र मसान्तसम्म ७२ दिन कक्षा संचालन गरेवापत प्रति विद्यार्थी सम्पूर्ण कर रु.१००००।०० का दरले भुक्तानी हुने संझौताको बुदाँ नं २ मा उल्लेख छ उक्त संझौताको बुदा नं ३ मा महिला सहभागीको हकमा प्रति सहभागी कूल रकमको ७५% ले हुन आउने रकम पालिकाले भुक्तानी गर्ने बाँकी २५% र त्यसैगरी दलित | |

| | | |
|---|---|---|
| | महिला र पुरुषको हकमा ८०% पालिका र बाँकी २०% रकम दोस्रो पक्ष स्वंयमले सहभागीबाट उठाउनु पर्ने उल्लेख भएकोमा उक्त संझौता विपरीत १००% रकम पालिलबाटै भुक्तानी भएको छ।हाजिरीबाट सबै बर्ग स्पष्ट नभएकोले एकिन गरी कूल भुक्तानी रु.२३४६००।०० को कम्तिमा २० प्रतिशतले हुने रु.४६९२०।०० सम्वन्धित इस्टिच्युटबाट असूल गरी दाखिला गर्नुपर्ने रु... | ४६९२० |
| | **संसद विकास कोषतर्फः** | |
| २६. | **बढी भुक्तानीः** १०-२०७७।२।२३ सार्वजानिक खरिद नियमावली, २०६४ को नियम १२३ (१) खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताब (मेजरमेन्ट वुक) मा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा दिनुपर्ने व्यवस्था छ।छहराकुना देखि मुरीसम्म सिंचाई नहर निर्माण कार्यको आइटम नं ३ Plain Cement concrete works in foundation including material collection ans 30 m lead 1:2:4 एम वि अनुसार सिंचाईको क्यानल बेस को Soling and Leveling को width १.३ भएकोमा PCC को width 1.4 भएको देखिएकोले ०.१ बढि widht देखिदा १५० मिटर क्यानेलमा १.५ घनमिटर बढी PCC गरेको देखिन्छ।यसरी बढि भएको परिमाणको रु १३२४९ का दरले बढी भुक्तानी भएको रु १९८७४ असूल हुनुपर्ने रु | १९८७४ |
| २७. | **मू.अ.कर बढी भुक्तानी**: ६-२०७७।२।२१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको भुक्तानी दिंदा उपनियम ३ को खण्ड (ख) बमोजिमको लागत अनुमानमा रहेको मूल्य अभिबृद्धि कर कट्टा गरेरमात्र भुक्तानी दिने व्यवस्था रहेकोमा ढुटुङ्गे ल्वाङ् कोलेली मोटरबाटो खन्ने कामको लागत अनुमान तयार गर्दा एक्साभेटरको मूल्य अभिबृद्धि कर सहित लागत अनुमान तयार गरी सोही अनुरुप रु. १७४६९७९। भुक्तानी गरेकोमा उपभोक्ताले रु.१४०४२५० को मात्र विल पेश गरकोले उपभोक्तालाई बढि भुक्तानी भएकोले मु. अ.कर रकम रु ४४५४४।सम्बन्धित उपभोक्ता समितिबाट असूल गर्नुपर्ने रु | ४४५५४ |
| २८. | **बढी भुक्तानीः** १०-२०७७।२।२३ आर्थिक कार्यविधि नियमावली, २०६४ को निमय ३६(८) अनुसार कुनै रकमको भुक्तानी दिंदा रित पुगे नपुगेको जाँच गरेरमात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । वडा नं २ को कार्यालय रातोपानी अलावेट गा पा निर्माण सडक निर्माण कार्यको लागि जि सि कन्स्ट्रक्शन एण्ड विल्डर्श प्रा लि लाई विमाको रकम रु ५००००। भुक्तानी दिंदा मु अ कर दोहोरो भुक्तानी भएको देखिएकोले बढि भुक्तानी भएको मू अ कर रकम रु ६५०० असूल हुनुपर्ने रु | ६५०० |
| २९. | **बढी भुक्तानीः** १०-२०७७।२।२३ सार्वजानिक खरिद नियमावली, २०६४ को नियम १२३ (१) खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताब (मेजरमेन्ट वुक) मा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा दिनुपर्ने व्यवस्था छ । वडा नं २ को कार्यालय रातोपानी अलावेट गा पा निर्माण सडक निर्माण कार्यको लागि जि सि कन्स्ट्रक्शन एण्ड विल्डर्श प्रा लि लाई ठेक्का सम्बन्धी विल रु ४१६७००३।६१ र कन्टिन्जेन्सी रु १६६६८० समेत जम्मा ४३३३६८३।६१ खर्च लेख्नुपर्नेमा ४३३८८०८। खर्च लेखेकोले बढी खर्च लेखेका रकम रु ५१२५ असूल हुनुपर्ने रु | ५२१५ |
| | **वित्तीय समानीकरण पूँजिगतः** | |
| ३०. | **उपभोक्ता समिति छनौटः** सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ९७ मा एक करोड सम्मको लागत अनुमान भएको निर्माण कार्य वा सव सम्बन्धि सेवा उपभोक्ता समिति वा लाभग्राही समुदायबाटगराउन सक्ने र यसका लागि सम्बन्धित काम र सेवाको प्रकृति परिमाण लाग्ने रकम उपभोक्ता समिति वा लाभग्राहि समुदायले व्योहोर्ने वा बेहोर्नुपर्ने रकम र अन्य आवश्यक कुराहरु खुलाइ सार्वजनिक निकायले सार्वजनिक सुचना प्रकाशन गरि प्रस्ताव माग गर्न वा त्यस्तो समिति वा समुदाय आंफैले प्रस्ताव वा निवेदन पेश गर्न सक्ने व्यवस्था रहेको छ।तर कार्यालयले यस बर्ष उपभोक्ता समितिबाट कार्य गराउंदा सम्झौताबाहेक सम्झौता पुर्वका उक्त प्रकृया पालना गरेको कुनै | |

कागजात तथा आधार पेश हुन आएन ।यसबाट विकास निर्माण कार्यमा उपभोक्ता समिति छनौटको आधार पारदर्शी र प्रतिसपर्धात्मक तवरले भएको देखिएन ।यसबाट निर्माण कार्यको समय लागत र गुणस्तरमा असर पर्ने हुंदा उपभोक्ता समिति वा लाभग्राही समूह छनौट गर्दा उक्त नियमावलीको व्यवस्था पालना गरी पारदर्शी र प्रतिस्पर्धात्मक तवरले गरिनुपर्दछ।

३१. **हेभी इक्विपमेण्टको प्रयोग** –सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ। गाउँपालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँकार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन। यसरी उपभोक्ता समितिमार्फत उपकरण प्रयोग गरी काम गराउँदा प्रतिस्पर्धा नहुने, प्राविधिक ज्ञानको अभावमा कामको गुणस्तर नहुने, पूर्ण रुपमा मेशिन प्रयोग गरी कार्य गराउँदा रोजगारी सिर्जना नहुने अवस्था देखिने हुँदा यसरी गरेको कार्य ऐन नियमको प्रतिकूल समेत देखिन्छ। गाउँपालिकाले अगामि दिनमा सुधार गर्नुपर्ने देखिन्छ ।

३२. **पुंजीगतवाट चालु खर्चः** एकिकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या २०७४ मा पुंजीगत शिर्षकमा विनियोजन वजेट चालु खर्च गर्न नपाइने उल्लेख छ। यस नगरपालिकाले यस आ.व मा सभाबाटै नै पारित गरी चालु प्रकृतिको खर्च पुंजीगत वजेटमा समावेश गरी खर्च लेखेको मध्ये लेखापरीक्षण छनौट गरी परीक्षण गर्दा रु १३०००००।- चालु खर्च पुंजीगत वजेटमा समावेश गरी खर्च गरेको पाइयो। पुंजीगतवाट गरिएको चालु प्रकृतिका खर्च मध्ये अधिकांश खर्च,खेलकुद कार्यक्रम प्रवर्द्धन खर्च, आर्थिक सहयोग खर्च, विभिन्न दिवस र सम्मान खर्च, विभिन्न जाति विशेषको पर्व खर्च आदि समावेश भएका देखिन्छ। पुंजीगत खर्चमा वजेट राखि चालु प्रकृतिका खर्च गरी पुंजीगत खर्चको वजेट देखाउने कार्य नियमसम्मत देखिदैन। चालु प्रकृतिका खर्च चालु वजेट शिर्षकमा समावेश गरी वजेट खर्च लेखिनु पर्दछ। पुंजीगत शिर्षकबाट गरीएको चालु खर्चको केहि उदाहरण यस प्रकार छन्।

| **गो.भौ.न र मिति** | **चालु प्रकृतिका खर्च विवरण** | **रकम** |
|---|---|---|
| १४८-२०७७/२/६ | विद्यालयका शिक्षकको तलब भत्ता भुक्तानी | ४००००० |
| २६८-२०७७/३/१६ | विद्यालयका शिक्षकको तलब भत्ता भुक्तानी | १००००० |
| २९८-२०७७/३/१८ | सुन्ताला कागति एभोकाडो विरुवा वितरण | ५००००० |
| ३२४-२०७७/३/२५ | गाईपालन तथा पशु स्वास्थ्य शिविर | २००००० |
| ३२२-२०७७/३/२४ | टोल विकास संस्था स्टेशनरी खरिद | १००००० |
| | **जम्मा** | **१३०००००** |

३३. **नापी भन्दा बढी भुक्तानीः** १५६-२०७७।२।६ सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग विल वा अन्य कुनै विल विजकको भुक्तानी गर्दा करारका शर्त वमोजिम प्राविधिक नाप जाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनुपर्ने उल्लेख छ । गाउँपालिकाको बहुउदेश्यीय सभाहल निर्माण कार्यको एस वी कन्स्ट्रक्शनलाई अन्तिम बिल भुक्तानी गर्दा आइटम नं १७ Providing and fixing of grill of MS strip size 20*4.5 mm including painting and all complete को MB अनुसार ३१.५३ sqm भएकोमा ६०.८५ sqm को भुक्तानी दिएकोले बढि भुक्तानी भएको २९.३२ sqm को २५०० का दरले बढि भुक्तानी भएको रु ८२८२९। ( मू अ कर समेत ) असूल हुनुपर्ने रु...

८२८२९

३४. **बढी भुक्तानीः** २३-२०७६।८।९ गाँउपालिका र निर्माण व्यवसायी बिच भएको सम्झौता अनुसार प्रोभिजनल समको रकम भुक्तानी दिँदा पेश भएको बिल अनुरुप भुक्तानी गर्नुपर्ने उल्ले भएकोमा प्रथम रनिङ् बिल भुक्तानी विमा वापत रु ११४५६६। भुक्तानी भएकोमा निर्माण व्यवसायीले रु २८६६२। को मात्र विल पेश गरी रु ८५९०४ बढी भुक्तानी गरेकोमा अन्तिम बिल भुक्तानीमा विमा वापत रु ८३३८९।मात्र घटाएर भुक्तानी गरेको बढी भुक्तानी भएको रु २५१५ को मु अ कर समेत रु २८४२ असूल हुनुपर्ने रु

२८४२

३५. **बिमा :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ को उपनियम १ अनुसार खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक १० लाख रुपैया भन्दा बढि मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले नियमावलीमा तोके अनुरुप बिमा गराउनु पर्ने व्यवस्था छ ।गाउँपालिकाको भवनको तला थप्ने कार्यको लागि निर्माण व्यवसायी ध्रुव एण्ड एशिसियट्ससंग रु ३८००६८०।४२ मा सम्झौता भएकोमा BOQ मा विमाको प्रावधान नै राखेको पाइएन।गाउँपालिकाले नियमावलीको पालना गर्नुपर्दछ ।

३६. **टुक्रा खरिदः** २४-२०७६।८।१० सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ मा रु ५ लाख भन्दा वढीको खरिद गर्दा सिलवन्दी दरभाउपत्रको माध्यमबाट गर्नु पर्ने तथा नियमावलीको नियम ३१ मा रु २० लाख भन्दा वढीको खरिद गर्दा वोलपत्रको माध्यमवाट गर्नुपर्ने व्यवस्था रहेको छ।पालिकाले सडक मर्मतको कार्यको रु ३४१३९६२।खर्च गरेकोमा निम्नानुसार निर्माण व्यवसायीसंग ५ लाख भन्दा कमको लागत अनुमान तयार गरी टुक्राएर काम गराएको देखियो।यसरी नियम विपरीत टुक्रापारेर खरिद गरेको कार्य नियमसम्मत देखिएन। पालिकाले नियममावलीको पालना गर्नुपर्दछ।

| **निर्माण व्यवसायीको नाम** | **सम्झौता मिति** | **भुक्तानी रकम** |
|---|---|---|
| पौडेल बर्दश | २०७६/५/२३ | ४९३६४४ |
| बराहथान निर्माण सेवा | २०७६/७/१४ | ४५९०७९ |
| राइजिङ्ग कन्स्ट्रक्शन | २०७६/७/१८ | ४८८१६० |
| गण्डकी एग्रिगेट प्रा ली | २०७६/६/१ | ४९४४०८ |
| आर एन इन्फ्रास्ट्रक्चर एण्ड कन्सल्टेन्ट प्रा लि | २०७६/६/७ | ४९३५२३ |
| चण्डिकालीका कन्स्ट्रक्शन प्रा ली | २०७६/६/५ | ४९९२०० |
| पर्वतमाला कन्स्ट्रक्शन | २०७६/६/१० | ४९२९४६ |
| | | **३४२०९६०** |

३७. **जनसहभागिता नराखी सम्झौता गरेको :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (१) अनुसार रु १ करोड सम्म लागत अनुमान भएको आयोजना उपभोक्ता समितिबाट गराउन सकिने र उपनियम २ अनुसार उपनियम १ मा उल्लिखित लागत अनुमानमा मूल्य अभिबृद्धि कर,ओभरहेड, कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश समेत समावेश हुने उल्लेख छ।गाउँ कार्यपालिकाको मिति २०७५।५।४ को निर्णयानुसार उपभोक्ताको योगदान २० प्रतिशत हुने उल्लेख छ।यस आ.व. मा गाउँपालिकाबाट सञ्चालित अधिकांश योजनाहरुमा कार्यपालिकाको निर्णय विपरित २० प्रतिशत भन्दा कम जनसहभागिताको अंश राखेर सम्झौता गरेको र ठूला ठूला योजनामा पुन कार्यपालिकाबाट निर्णय गराई १० प्रतिशतमात्र उपभोक्ताको योगदान राखी सम्झौता गरेको पाइयो।यसरी पालिकाले कार्यपालिकाको निर्णयको पालना नगर्ने र कुनै बस्तुगत आधार वेगर जनसहभागिताको अंश कुनैमा कम र कुनैमा बढि हुनेगरी निर्णय गर्दा पालिकालाई थप व्ययभार परको देखिन्छ।पालिकाले कार्यपालिकाको निर्णयको पूर्ण रुपमा पालना गर्नु पर्दछ।जनसहभागिताको जनसहभागिताको अंश कम राखेर सम्झौता गरेका केहि उदाहरण निम्नानुसार रहेका छन्।

| योजनाको नाम | सम्झौता अनुसार लागत अनुमान | गा पा ले व्यहोर्ने (कन्टिन्जेन्सी बाहेक | उपभोक्ताको योगदान प्रतिशत |
|---|---|---|---|
| उदनेढुङ्गा नुनगाउँ भुषुने मध्यमार्ग | ११५२२६८.४७ | ९६०००० | १६.६८ |
| मिरवारी वगुवा घाचोक जोड्ने सडक | ८०६२०५.५० | ६७२००० | १६.६४ |
| धिप्राङ् बेशी सिंचाई कुलो स्तरोन्नति | ९२२४९१.८५ | ७६८००० | १६.७५ |
| वडा नं ९ को वडा कार्यालय निर्माण | ९४१३०६१ | ८४७१७५५ | १० |
| ढुटुङ्गे ल्वाङ् कोलेली मोटरबाटो | १८०९३३३.८९ | १५०७२०० | १६.७० |
| एक पालिका एक खेल ग्राम | ७९७५८०५.९८ | ६८५७२८० | १४.०२ |

३८. **अनुपातिक कट्टी** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिंदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ। जस अनुसार निम्न निर्माण कार्य गर्दा उपभोक्ता समिति मार्फत गराउँदा उपभोक्ता समिति र पालिकाले बेहार्ने अंश उल्लेख गरी सम्झौता भएको देखिन्छ। निर्माण कार्य सम्पन्न गर्दा घटी मूल्यांकन भएको अवस्थामा अनुपातिक कट्टी गरी भुक्तानी दिनुपर्नेमा सो गरेको नदेखिएको देहायअनुसारको रकम असूल हुनुपर्ने रु. ४२०९४

| गोभौ नं.र मिति | उपभोक्ता समिति र काम | सम्झौता अनुसार लागत अनुमान | गा पा ले व्यहोर्ने (कन्टिन्जेन्सी बाहेक | भुक्तानी रकम रकम | कार्य सम्पन्न रकम | घटी अनुपातिक कट्टी रकम |
|---|---|---|---|---|---|---|
| ६५-२०७६/१०/२९ | स्वास्थ्य चौकी गुरासे आमा समूह भवन | ६००८१३.८६ | ४८०००० | ४८०००० | ५९११८६ | ७६९२ |
| १६१-२०७७/२/२७ | रुम्जा मोटरबाटो निर्माण | ७२०००४.५५ | ५७६००० | ५७६००० | ६९७३९२ | १८०९० |
| ३४२-२०७७/३/२९ | उदनेढुङ्गा नुनगाउँ भुषुने मध्यमार्ग | ११५२२६८.४७ | ९६०००० | ८५१६९१ | १०१६८६३ | ४५०२ |
| ३६२-२०७७/३/३१ | मिरवारी वगुवा घाचोक जोड्ने सडक उ स | ८०६२०५.५० | ६७२००० | ३९०२५२ | ४५४०२० | ११८१० |
| | | | | | | ४२०९४ |

३९. **मू अ कर बढी भुक्तानी:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको भुक्तानी दिंदा उपनियम ३ को खण्ड ख बमोजिमको लागत अनुमानमा रहेको मूल्य अभिबृद्धि कर कट्टा गरेरमात्र भुक्तानी दिने व्यवस्था रहेकोमा। निम्न अयोजनामा बाटो खन्ने कामको लागत अनुमान तयार गर्दा एक्साभेटरको मूल्य अभिबृद्धि कर सहित लागत अनुमान तयार गरी सोही अनुरुप भुक्तानी गरेकोमा उपभोक्ताले विल कम पेश गरी डोर हाजिर पेश गरकोले उपभोक्तालाई बढि भुक्तानी भएकोले मु अ कर रकम असूल गर्नुपर्ने रु ८५२६०

| गोश्वरा भौचर र मिति | आयोजनाको नाम | विजक जारी भएको | मेशिनको कार्यको मुल्याङ्कन | उपभोक्ताले पेश गरेको विल | नपुग विल रकम | मु अ कर बढि भुक्तानि |
|---|---|---|---|---|---|---|
| १६१-२०७७/२/७ | रुम्जा मोटरबाटो निर्माण | | ६९६३९२.४५ | ५४६३२९.८ | १५००६३ | १७२६३ |
| २८७-२०७७/३/१७ | सामुदायिक स्वास्थ्य इकाई | **सारङ्कोट निर्माण सेवा** | ९६६८७५ | ८१२५०० | १५४३७५ | १७७६० |
| २८१-२०७७.३.१७ | चिसापानी हुम्दी लाम्पाटा गौडामुख सडक | एस आर निर्माण सेवा | २०७७०३ | १०६०१७ | १०१६८६ | ११६९८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३२६-२०७७/३/२५ | ढुटुङ्गे ल्वाङ् कोलेली मोटरबाटो | दोज तान्चोक कन्स्क्ट्रशन कम्पनी | १३६४०४१ | १२०४४३७ | १५९६०४ | १८३६२ |
| ३३७-२०७७/३/२८ | पाङ्दुङ् पाटन मुलको गहिरो आचार्य सडक | पर्वतमाला कन्स्ट्रकशन | ८१५३७८ | ६४०००० | १७५३८७ | २०१७७ |
| | | | | | | ८५२६० |

४०. **सम्झौता अनुसार कार्य सम्पन्न नभएको -** उपभोक्ता समितिसाग निर्माण कार्यको सम्झौता गर्दा एक आर्थिक वर्ष भित्रसमपन्न हुने गरी गर्नुपर्दछ । पालिका र उपभोक्ता समिति बीच निम्नानुसार योजनामा सम्झौता अनुसार कार्य सम्पन्न नभएकोमा पालिलकाले प्रथम रनिङ् विल भनी जति काम भएको रकम पुरै भुक्तानी गरेको छ ।उक्त बिलमा सम्झौता अनुसारको जनसहभागित अंश समेत कट्टा गरेको देखिएन ।सालबसालि रुपमा बजेट विनियोजन हुने यस्ता योजनाहरुको कार्य समयमा सम्पन्न नहुदाँ पालिकाको विकास निर्माणको कार्य प्रभावित भएको हुनुका साथै पलिकालाई थप व्ययभार समेत पर्न सक्ने हुनाले समयमै कार्य सम्पन्न हुने गरी उपभोक्ता समितिसँग सम्झौता गर्नुपर्ने देखिन्छ साथै निम्न योजनाको अन्तिम बिल भुक्तानीमा सम्झौता अनुरुपको जनसहभागिता अंश समेत कट्टा भुक्तानी गर्नुपर्ने देखिन्छ।

| आयोजनाको नाम | सम्झौता रकम | उपभोक्ताको योगदान | कार्य सम्पन्न रकम | भुक्तानी रकम |
|---|---|---|---|---|
| वडा कार्यालय भवन निर्माण | ९४१३०६१.७७ | ९४१३०६.१८ | ४५०३४२७.६१ | ४५०३४२७.६१ |
| एक पालिका एक खेल ग्राम | ७९७५८०५.९८ | ११९८५२५.९८ | ५१०९६७०.८३ | ५१०९६७०.८३ |

४१. **सीमाभन्दा बढीको कार्य उपभोक्ता समितिबाट गराएको:** सार्वजनिक खरिद नियमावली, २०६४ नियम ९७ अनुसार एक करोड रुपैयाँसम्म लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धी सेवा सोही स्थानमा बसोबास गर्ने बासिन्दा र त्यस्तो सेवा उपभोग गर्ने समुदाय मात्र रहेको उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन वा प्राप्त गर्न सकिने, एक करोड रुपैयाँसम्मको लागत अनुमानमा मूल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिजेन्सि रकम र जनसहभागिताको अंश समेतको रकम समावेश हुने उल्लेख छ।पालिकाले वडा नं ९ को वडा कार्यालय भवन निर्माणको लागि वडा कार्यालय भवन निर्माण उपभोक्ता समितिसंग पालिकाले मूल्य अभिबिद्धि कर, ओभरहेड कन्टिन्जेन्सी बाहेक रु ९४१३०६१।७७ संझौता गरी संझौता बमोजिम भुक्तानी दिएको पाइयो।यसरी नियमावली विपरीत लागत अनुमान गरी सम्झौता गरेको नियमसंमत नभएको रु.. ९४१३०६२

४२. **बढी भुक्तानी :** ११२-२०७७।१।१५ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा नर्म्स भए त्यस्तो नर्म्स वमोजिम स्वीकृत जिल्ला दररेटको आधारमा दर विश्लेषण गर्नुपर्ने व्यवस्था छ ।रिभान मुलगाउँ ग्रामिण सडक मर्मत तथा स्तरोन्नती कार्यको लागत अनुमान तयार गर्दा सिमेन्टको जिल्ला दररेट प्रति वोरा रु ७९० भएकोमा रु ८५० राखी लागत अनुमान तयार गरी एक मेट्रिक टनको मु अ कर र रु २८४ ढुवानी समेत रु १८९२९ राखी लागत अनुमान तयार गरेको कारण प्रति वोरा रु ३९।५५ बढि राखेको देखिन्छ उक्त निर्माण कार्य उपभोक्ता समिति मार्फत गराउँदा ५.४ घ मि PCC 1:3:6 , २१०.८ घ मि PCC 1:2:4 र ९.६ घ मि Stone masonary work को निर्माण कार्यको कार्यसम्पन्न प्रतिवेदन पेश गरेकोमा २२६ बोरा सिमेन्ट प्रयोग भएको हुँदा रु ८९३८ बढि भुक्तानी भएको देखिएकाले उक्त रकम असूल हुनुपर्ने रु ८९३८

४३. **मालसमान खरिदमा ओभरहेडः** सार्बजनिक खरिद नियमावली, २०६४ को नियम १० को उपनियम (७) सँग सम्बन्धित अनुसूची १ ले निर्माण कार्यको लागत अनुमान निकाल्ने तरिका स्पष्ट उल्लेख गरेको छ।उक्त अनुसूची १ मा निर्माण कार्य वाहेक अन्य कुनै प्रकारका खरिद कार्य (सामान खरिद) मा १५ प्रतिशत ओभरहेड थप गर्न पाउने व्यबस्था भएको देखिदैन।पालिकाले निम्नानुसार खरिदमा लागत अनुमान तयार गर्दा ओभरहेड जोडेर थप

गरेको र सोहि अनुरुप कोटेशन माग गरी पाइप तथा ग्याविन जाली खरिद गरेको देखिएकोले बढि भएको रकम असूल हुनुपर्ने रु ४५०८०९

| गो भौ नं र मिति | व्यवसायीको नाम | खरिद मालसमान | ओभरहेड सहितको लागत अनुमान | ओभरहेड रकम | परिमाण | बढि रकम |
|---|---|---|---|---|---|---|
| ३६३-२०७७/३/३१ | डाँफे ट्रेडिङ् पोखरा | 110 mm 4 Kg HDPE pipe | ५१० | ६७ | ५३२ मि | ३५६४४ |
| | | 125 mm 4 Kg HDPE pipe | ६८५ | ९० | १९० मि | १७१०० |
| ३६८-२०७७/३/३१ | गौरी शंकर निर्माण सामग्री | ग्याविन जाली | ३२४८ | ४२३ | १३१ | ५५४१३ |
| ३६९-२०७७/३/३१ | बेलारे तारजाली | ग्याविन जाली | ३२४८ | ४२३ | १३१ | ५५४१३ |
| ३४-२०७७/३/३१ | नौडाडा सप्लायर्श | CGI Sheet including roofing work 26 gauge | ९११ | १८९ | ४६५ sqm | ६३५८४ |
| | जनता हार्डवेयर | CGI Sheet including roofing work 26 gauge | ९११ | १८९ | १७०.४ sqm | ३२२०५ |
| | | Colour Ridge Plain sheet | ३७५ | ४९ | ३२० rm | १५६८० |
| | एस एन सप्लायर्श | CGI Sheet including roofing work 26 gauge | ९११ | १८९ | ४६५ sqm | ८७८८५ |
| | सम्बिद्ध ट्रेडिङ् | CGI Sheet including roofing work 26 gauge | ९११ | १८९ | ४६५ sqm | ८७८८५ |
| | | | | | | **४५०८०९** |

४४. **नापी किताब भन्दा बढि भुक्तानी**ः २२७-२०७७।२।२८ सार्वजानिक खरिद नियमावली, २०६४ को नियम १२३ (१) खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताब (मेजरमेन्ट वुक) मा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा दिनुपर्ने व्यवस्था छ ।पालिकाले घिप्ली बालविकास केन्द्र भवन निर्माण कार्यको निम्नानुसार भुक्तानी दिदा नापी किताबमा भन्दा बढी परिमाणको भुक्तानी भएको देखिएकोले बढि भुक्तानी भएको रकम रु ७०३१४ असूल हुनुपर्ने रु॥ ७०३१४

| कामको विवरण | नापी अनुसारको परिमाण | भुक्तानी भएको परिमाण | बढि परिमाण | दर | बढि भुक्तानी |
|---|---|---|---|---|---|
| Stone soling in foundation and flooring | ०.५६ | ०.७ | ०.१४ | ४१८२ | ५८५.४८ |
| Stone Soling in foundation | ६.९८ | १०.४७ | ३.४९ | ४१८२ | १४५९५ |
| PCC work 1:3:6 | ५.३७ | ६.२१ | ०.८४ | ११९८७ | १००६९ |
| Stone masonary in 1:6 cement mortar | ४.३८ | ६.७८ | २.४ | ११३३२ | २७१९७ |
| CLC celular light weight concrete block low density | ४५० | ५४० | ९० | १९८.५३ | १७८६८ |
| | | | | | **७०३१४** |

४५. **सुरक्षित नागरिक अवास कार्यक्रमः** सुरक्षित नागरिक अवास कार्यविधि, २०७५ को परिच्छेद ५ को बुंदा नं ४ अनुसार छनौट भएका लाभग्राहिले सम्बन्धित स्थानिय तहले सिफारिस गरेको बैंकमा खाता खोल्नु पर्ने र यसरी खोलिएको खातामा स्थानिय तहले अनुदान सम्झौता भईसकेका लाभग्राहिलाई जस्तापाता, काठ लगायतको निर्माण सामग्री खरिद गर्न अनुदान वापतको रकम दुइ किस्तामा उपलब्ध गराउनु पर्ने साथै बुंदा न ८ मा पहिलो किस्ताको रकमबाट सामग्री खरिद गरी निर्माण सम्पन्न भएको भनि सम्बन्धित स्थानीय तहको प्राविधिकबाट अनुसूचि ३ बमोजिमको प्राविधिक प्रतिवेदन सहितको सिफारिसको आधारमा सम्बन्धित स्थानीय तहबाट लाभग्राहिलाई दोश्रो तथा अन्तिम किस्ता वापतको भुक्तानी दिनुपर्ने व्यवस्था छ ।पालिकाले यस आ व मा सुरक्षित नागरिक कार्यक्रममा रु १७४१३९९। खर्च लेखेकोमा कार्यविधिमा उल्लेख भए बमोजिम लाभग्राहिको खातामा रकम उपलब्ध नगराई गाउपालिकाले आषाढ ३१ मा मात्र जस्तापाता खरिद गरेको पाइयो।यसरी निर्देशिका विपरित जस्तापाता पालिकाले

| | | |
|---|---|---|
| | नै खरिद गर्नु उपयुक्त देखिएन। पालिकाले उक्त जस्तापाता सम्बन्धित लाभग्राहीलाई वितरण गरि कार्यसम्पन्न गर्न लगाई अनुसुचि ३ बमोजिमको प्राविधिक प्रतिवेदन पेश हुनुपर्ने रु | १७४१३९९ |
| ४६. | **पाइप खरिदः** सार्वजानिक खरिद नियमावली, २०६४ को नियम १२३ (१) खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताब (मेजरमेन्ट वुक) मा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा दिनुपर्ने व्यवस्था छ। पालिकाले निम्नानुसार पाइप र तार जाली आषाढ मसान्तमा खरिद गरी मौज्दात राखेको देखिएकोले उक्त पाइप तथा जाली जडान एवं प्रयोग भएको प्रमाण पेश गर्नुपर्ने रु | १३८१७१० |

| गोश्वरा भौचर नं र मति | ववरण | परिमाण | रकम |
|---|---|---|---|
| ३६३-२०७७/३/३१ | HDPE 110 mm 4 kg/ $m^2$ | ५८२ मि | २९६२३८ |
| | HDPE 125 mm 4kg/ $m^2$ | १९० मि | १२९२०० |
| ३६८-२०७७/३/३१ | २×१×१ को ग्याविन जाली | १३१ वटा | ४७८१३६ |
| ३६९-२०७७/३/३१ | २×१×१ को ग्याविन जाली | १३१ वटा | ४७८१३६ |
| | | | १३८१७१० |

| | | |
|---|---|---|
| ४७. | **जिन्सी दाखिलाः** २६३-२०७७।३।१४ आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ४७ (१) मा कार्यालय प्रमुखले खरिद गरी प्राप्त हुन आएको जिन्सी मालसामन को बिबरण र मूल्य समेत खुलाई जिन्सी किताबमा ७ दिन भित्र आम्दानी बाँध्नु पर्ने व्यवस्था छ। शारदा मा वि को लागि फर्निचर खरिद वापत रु ३०८०००। भुक्तानि भएकोमा उक्त रकम बराबरका फर्निचर सम्बन्धित स्कुलमा दाखिला भएको प्रमाण पेश हुनुपर्ने रु | ३०८००० |
| | **शिक्षा तर्फः** | |
| ४८. | **वढी निकासाः१३।२०७६।०९।०८.** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ को उपनियम ८ मा कुनै रकमको भुक्तानी दिदा रित पुगे नपुगेको जाँच गर्नु पर्ने उल्लेख छ। विद्यालयले माग गरे बमोजिमको रकम पालिकाले रुजु र एकिन गरी निकासा दिनु पर्दछ। विद्यालयबाट प्राप्त माग फारम दरबन्दी विवरण र चौमासिक निकासा भएको मध्ये केहीको नमुना परीक्षण गर्दा महेन्द्र मा.वि.को माध्यामिक तहका शिक्षकहरुको तलव भत्ता निकासा दिंदा मिति २०७६।६।१०,गो.भौ.न.२ वाट श्रावण-कार्तिक सम्म र चाडपर्व खर्च समेत गरी रु.१३१२३०८। भुक्तानी गरी खर्च लेखेकोमा पनुःकार्तिक महिनाको छुट तलव भनी रु.२६७६८८।०० भुक्तानी गरी खर्च लेखेको पाइयो। उक्त बढी निकासा भएको रकम विद्यालयबाट फिर्ता प्राप्त गरी संघीय कोषमा फिर्ता गर्नु पर्दछ रु | २६७६८८ |
| ४९. | **सामुदायिक सिकाई केन्द्रः** शिक्षा विकास तथा समन्वय इकाइबाट कार्यान्वयन हुने कार्यक्रमसंग सम्वन्धित कार्यान्वयन पुस्तिका २०७६।७७ को क्रियाकलाप नं २.७.११.१३ मा सामुदायिक सिकाई केन्द्र संचालन अनुदान सम्बन्धी व्यवस्था रहेको छ। जसअन्तर्गत स्थानिय तह अन्तर्गत संचालित सामुदायिक सिकाई केन्द्रलाई प्रति सिकाई केन्द्र रु १ लाख र प्रस्तावनाका आधारमा थप अधिकतम रु १ लाख संचालन तथा व्यवस्थापन अनुदान उपलब्ध गराउने व्यवस्था रहेको छ। सोहि वमोजिम पालिका अन्तर्गतका ४ वटा सामुदायिक सिकाई केन्द्रलाई विभिन्न मितिमा संचालन तथा व्यवस्थापन अनुदान खर्च भनी रु.४ लाख निकासा दिएको पाइएकोमा पुन मिति २०७७।१।१७, गो.भौ.न.४५ वाट ४ वटै सामुदायिक सिकाई केन्द्रलाई प्रस्तावना पेश गरेको आधारमा रु ४ लाख निकासा दिई खर्च लेखेको पाइयो। ति मध्ये माछापुच्छ्रे सामुदायिक सिकाई केन्द्र र ल्वाङ घलेल बहुउद्देश्यीय सामुदायिक सिकाई केन्द्रले दुनाटपरी गांस्ने कार्यक्रमको प्रस्तावना पेश गरी कुल २ लाख रकम निकासा लिएको पाइयो। पेश गरिएको प्रस्तावना कतिको उपलब्धिमूलक छ, सो कार्यक्रममा रकम निकासा दिनु कतिको औचित्यपुर्ण छ सो सम्बन्धमा पालिकाले ध्यान पुर्याउनुपर्ने देखिन्छ। | |

| | | |
|---|---|---|
| ५०. | **EGRP अनुदानः** स्थानीय तह अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयहरु कक्षा १ देखि ३ सम्म प्रति कक्षा रु ३००० का दरले रु ९००० प्रारम्भिक पढाइ सिप विकासका लागी अनुदान दिने व्यवस्था विद्यालय क्षेत्र विकास कार्यक्रम कार्यान्वयन पुस्तिका २०७६।७७ मा उल्लेख छ।यस कार्यक्रम अन्तर्गत कक्षागत रुपमा एक सेट सिकाई सामाग्री र प्रति विद्यार्थी एक सेट अभ्यास पुस्तिका उपलब्ध गराउने व्यवस्था रहेको छ।पालिकाले यस वर्ष पालिका स्थीत ४३ विद्यालय लाई प्रारम्भिक पढाइ सिप विकास प्याकेज कार्यक्रम कार्यान्वयनका लागि रु ३८७००० अनुदान निकासा दिएकोमा सबै विद्यालयहरुले कक्षागत रुपमा एक सेट सिकाई सामाग्री र प्रति विद्यार्थी एक सेट अभ्यास पुस्तिका उपलब्ध गराएको प्रमाण स्थानीय निकायमा उपलब्ध गराएका छैनन। गत विगत देखि नै विद्यालयहरुले EGRP अनुदान निकासा लिने गरेको तर सो को प्रमाण उपलब्ध नगराएको कारण विद्यालयले गरेको खर्च रकममा पारदर्शिता तथा जवाफदेहिता मा असर परेको र यो बर्ष समेत खर्चलाई पुष्टयाई गर्ने कागजात,प्रमाण वेगर खर्च लेखेको कारण उक्त अनुदान निकासा दिन मिल्ने देखिदैन।अत अनुदान रकम र आन्तरिक स्रोत बाट भएको खर्चको पारदर्शता र जवाफदेहिता प्रवर्द्धनको लागि सबै विद्यालयले खर्चको प्रमाण पेश गर्नुपर्ने रु | ३८७००० |
| ५१. | **पाठ्यपुस्तक व्यवस्थापन अनुदानः** स्थानीय तहले सार्वजनिक विद्यालयमा कक्षा १ देखि १० सम्म अध्ययनरत विद्यार्थिको ꣿ:क्ष्क मा प्रविष्टी तथ्याङ्कलाई प्रमाणित गरी यकिन संख्याका आधारमा दोस्रो चौमासिक भित्र विद्यालयलाई अनुदान निकासा दिने।यसरी अनुदान दिंदा पहिलो पटकमा विद्यार्थी संख्याको ७५ प्रतिशत संख्यालाई मात्र अनुदान दिई २०७७ वैशाखवाट सुरु हुने शैक्षिक सत्रको विद्यार्थी भर्नाको विवरण,पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणको आधारमा यकिन गरी नपुग हुने रकम मात्र थप अनुदान दिने व्यस्था शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालयवाट स्वीकृत भएको कार्यक्रम कार्यान्वयन पुस्तीका २०७६।७७ मा उल्लेख छ। कार्यक्रम कार्यान्वयन पुस्तीका २०७६\|७७ ले गरेको व्यवस्था अनुसार सुरुमा ४३ विद्यालयलाई ७५ प्रतिशतले रु १२९२६७७ निकासा दिई थप नपुग हुने रकम पाठ्य पुस्तक किनेको विल,विद्यार्थी भर्नाको विवरण एकिन गरेर मात्र निकासा दिए पुग्नेमा पालिकाले ४३ विद्यालयलाई सुरुमै शत प्रतिशत रु१७२३५६९।निकासा दिएको पाइयो।०७७ वैशाखवाट सुरु हुने शैक्षिक सत्रको विद्यार्थी भर्नाको विवरण,पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरण यकिन नगरी निकासा दिएको रु ४३०८९२।०० सम्वन्धमा पालिकाले एकिन गर्नुपर्ने रु | ४३०८९२ |
| ५२. | **सामाजिक आर्थिक लेखापरीक्षण अनुदानः** स्थानीय तह अन्तर्गत सञ्चालित सामुदायिक विद्यालय मध्ये आधारभुत तह ( कक्षा १ देखि ५ , कक्षा १ देखि ८) सञ्चालित विद्यालयहरुको लागि प्रति विद्यालय रु १० हजारका दरले र माध्यामिक तह (कक्षा १ देखि १० ,कक्षा १ देखि १२) सञ्चालित प्रति विद्यालयलाई रु १५ हजारका दरले सामाजिक तथा आर्थिक लेखापरीक्षण लगायतका क्रियाकलाप संचालन गर्नको लागि एकमुष्ट अनुदान दिने व्यवस्था विद्यालय क्षेत्र विकास कार्यक्रम कार्यान्वयन पुस्तिका २०७६।७७ को क्रियाकलाप न.२.१५.११.७९८ उल्लेख छ। पालिकाले यस वर्ष तपसिलका २९ विद्यालयलाई सामजिक तथा आर्थिक लेखापरीक्षण गर्नका कार्यका लागि रु ३१५०००। अनुदान निकासा दिएकोमा सबै विद्यालयहरुले लेखापरीक्षण गराएको प्रमाण पालिकामा उपलब्ध गराएका छैनन्।प्रत्येक वर्ष सामाजिक तथा आर्थिक लेखापरीक्षण कार्यको लागि निकासा दिने लिने तर विद्यालयहरुले परीक्षण गराई पारदर्शिता र जवाफदेहिती मुल्यांकन नगर्ने प्रचलनले विद्यालयको आर्थिक अनुशासन कायम नहुने अवस्था रहेको छ । अत पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन गर्न सवै ३६ विद्यालयहरुले लेखापरीक्षण गराएको प्रमाण पेश गर्नु पर्ने रु | ३१५००० |

| सि न | विद्यालयको नाम | सा.तथा आ.ले.प अनुदान |
|---|---|---|
| १ | जनप्रिय प्रा.वि | १०००० |
| २ | ज्ञानोदय प्रा.वि | १०००० |
| ३ | आदिकवी भानुभक्त प्रा.वि | १०००० |

| | | |
|---|---|---|
| ४ | देउराली प्रा.वि. | १०००० |
| ५ | उदय मा.वि | १५००० |
| ६ | पृथ्वी नारायण मा.वि. | १५००० |
| ७ | वराह मा.वि. | १५००० |
| ८ | जनकल्याण प्रा.वि. | १०००० |
| ९ | इन्द्रेणि प्रा.वि. | १०००० |
| १० | हेम्जाकोट प्रा.वि. | १०००० |
| ११ | कैलाश टेत्सुओ प्रा.वि. | १०००० |
| १२ | मेघराज आ.वि. | १०००० |
| १३ | बालकल्याण प्रा.वि | १०००० |
| १४ | शुक्लागण्डकी मा.वि. | १५००० |
| १५ | जनजागरण न.सा.आ.वि. | १०००० |
| १६ | जनजागरण प्रा.वि. | १०००० |
| १७ | शिवशंकर प्रा.वि. | १०००० |
| १८ | तारेवराह आ.वि. | १०००० |
| १९ | बमबहादुर घलेल आ.वि. | १०००० |
| २० | हिमगिरी प्रा.वि. | १०००० |
| २१ | बाराही आ.वि. | १०००० |
| २२ | अन्नपुर्ण प्रा.वि. | १०००० |
| २३ | शहिद हरी प्रसाद आ.वि. | १०००० |
| २४ | जनता प्रा.वि. | १०००० |
| २५ | हिमालय डांफे प्रा.वि. | १०००० |
| २६ | सरस्वती प्रा.वि. | १०००० |
| २७ | बाराही प्रा.वि. | १०००० |
| २८ | कृष्णमहादेव आ.वि. | १०००० |
| २९ | माछापुच्छ्रे मा.वि. | १५००० |
| जम्मा | | ३१५००० |

५३. **विद्यालय सुधार योजना अनुदानः** स्थानीय तह अन्तर्गत सञ्चालित सामुहिक विद्यालयहरु मध्ये आधारभुत तह सञ्चालित विद्यालयका लागी प्रति विद्यालय रु १५ हजार तथा माध्यामिक तह सञ्चालित विद्यालयका लागि प्रति विद्यालय रु २० हजारका दरले विद्यालय सुधार योजना सञ्चालन कार्यका लागि एकमुष्ठ अनुदान निकासा दिने र यस प्रकारको अनुदान रकम विद्यालय सुधार योजना सहयोगि पुस्तिका,२०७५ बमोजिम विद्यालय सुधार योजना (SIP) निर्माण तथा अध्यावधिक गरेको विद्यालय हरुलाई मात्र उपलब्ध गराउने व्वस्था विद्यालय क्षेत्र विकास कार्यक्रम कार्यान्वयन पुस्तिका ०७६।७७ को क्रियाकलाप न २.१५.११.७९८ मा उल्लेख छ । यस वर्ष पालिकाले तपसिलका २१ विद्यालयलाई विद्यालय सुधार योजना कार्यका लागि रु २६५०००। अनुदान उपलब्ध गराएकोमा विद्यालयहरुले विद्यालय सुधार योजना निर्माण तथा अध्यावधिक गरेको विवरण पालिकाले पेश गरेको छैन। विद्यालयहरुले यस क्रियाकलाप अन्तर्गत अनुदान प्राप्त गर्नु पर्व सुधार योजना निर्माण तथा अध्यावधिक विवरण पेश गर्नु पर्ने र सो नगरेको विद्यालयलाई अनुदान निकासा दिन मिल्ने देखिदैन।यस प्रकारको अनुदान प्राप्त गरेको विद्यालयबाट विद्यालय

| | | |
|---|---|---|
| | सुधार योजना नर्माण सहयोगि पुस्तिका बमोजिम विद्यालय सुधार योजना निर्माण तथा अध्यावधिक विवरण पेश गर्नु पर्ने रु | २६५००० |

| सि न | विद्यालयको नाम | वि.सु.यो अनुदान रकम |
|---|---|---|
| १ | पृथ्वी नारायण मा.वि. | २०००० |
| २ | बाराही आ.वि | १५००० |
| ३ | हिमाली आ.वि | १५००० |
| ४ | तारे बराह आ.वि | १५००० |
| ५ | जनप्रिय आ.वि. | १५००० |
| ६ | कैलाश टोप्सु आ.वि | १५००० |
| ७ | शिवशंकर प्रा.वि | १५००० |
| ८ | मेघराजन आ.वि. | १५००० |
| ९ | बराह मा.वि | २०००० |
| १० | शारदा मा.वि. | २०००० |
| ११ | भुमेश्वर मा.वि | २०००० |
| १२ | देउराली आ.वि | १५००० |
| १३ | तारे वराह आ.वि. | १५००० |
| १४ | इन्द्रेणि आ.वि | १५००० |
| १५ | शारदा मा.वि | २०००० |
| १६ | तारे बराह आ.वि. | १५००० |
| | जम्मा | २६५००० |

| | | |
|---|---|---|
| ५४. | **विद्यार्थी शिक्षक अनुपातः** पालिकावाट प्राप्त विवरण अनुसार पालिकामा सञ्चालनमा रहेका ४३ विद्यालयहरुको शिक्षक पदपुर्ती तथा विद्यार्थीको संख्या निम्नानुसार रहेको छ। | |

| सि.न | विद्यालयको नाम | शिक्षक दरबन्दी | पदपूर्ति | करार | विद्यार्थिसंख्या |
|---|---|---|---|---|---|
| १. | जनप्रिय प्रा.वि | ३ | ३ | १ | ३८ |
| २. | ज्ञानोदय प्रा.वि | ३ | ३ | ० | २८ |
| ३. | आदिकवि भानुभक्त प्रा.वि | ३ | ३ | ० | २४ |
| ४. | देउराली प्रा.वि | ३ | ३ | ० | १८ |
| ५. | उदय मा.वि | १३ | १३ | ० | १३५ |
| ६. | पृथ्वीनारायण मा.वि | १३ | १३ | १ | १९७ |
| ७. | बराह मा.वि | १५ | १५ | १ | २०३ |
| ८. | भुमेश्वर मा.वि | १२ | १२ | १ | १०६ |
| ९. | जनकल्याण प्रा.वि | ३ | ३ | ० | ३१ |
| १०. | इन्द्रेणी प्रा.वि | ३ | ३ | ० | १७ |
| ११. | भुमेश्वर मा.वि | ८ | ८ | ० | ३९ |
| १२. | हेम्जाकोट प्रा.वि | ३ | ३ | ० | १५ |
| १३. | कैलाश टेत्सुओ प्रा.वि. | ३ | ३ | २ | ३३ |

| | | | | | |
|---|---|---|---|---|---|
| १४. | मेघराज आ.वि | ७ | ७ | ० | १०१ |
| १५. | बालकल्याण प्रा.वि | ४ | ४ | ० | ६५ |
| १६. | शुक्लागण्डकी मा.वि | १४ | १४ | ० | २०२ |
| १७. | जनजागरण नसा आ.वि | ४ | ४ | ० | ९५ |
| १८. | जनकल्याण प्रा.वि | ३ | ३ | ० | १६ |
| १९. | सुदिन प्रा.वि | ३ | ३ | ० | ३५ |
| २०. | महेन्द्र मा.वि | १९ | १९ | ० | २५१ |
| २१. | जनजागरण प्रा.वि | ४ | ४ | ० | ४१ |
| २२. | देउराली आ.वि | ५ | ५ | ० | १४९ |
| २३. | शिवशंकर प्रा.वि | २ | २ | ० | १२ |
| २४. | तारेबराह आ.वि | ५ | ५ | १ | ९१ |
| २५. | बम बहादुर घलेल आ.वि | ६ | ६ | ० | ८७ |
| २६. | हिमगिरी प्रा.वि | २ | २ | १ | ११ |
| २७. | बाराही आ.वि | ८ | ८ | २ | ६३ |
| २८. | अन्नपुर्ण प्रा.वि | ३ | ३ | १ | २४ |
| २९. | शहिद हरी प्रसाद आ.वि | ७ | ७ | ० | ६० |
| ३०. | सरस्वती आ.वि | ७ | ७ | ० | १२८ |
| ३१. | जनता प्रा.वि | ३ | ३ | २ | १४ |
| ३२. | गौरिशंकर मनिलाल मा.वि | १४ | १४ | १ | २६० |
| ३३. | हिमाली प्रा.वि | ३ | ३ | १ | १६ |
| ३४. | हिमालय डांफे प्रा.वि | ३ | ३ | ० | ३३ |
| ३५. | अन्नपुर्ण आ.वि | ७ | ७ | १ | ६० |
| ३६. | शारदा मा.वि | १२ | १२ | ० | १८८ |
| ३७. | माछापुच्छ्रे प्रा.वि | ३ | ३ | १ | २६ |
| ३८. | निष्पक्ष मा.वि | ११ | ११ | ० | २२० |
| ३९. | हिमालय तिनशिर प्रा.वि. | ३ | ३ | ० | २६ |
| ४०. | सरस्वती प्रा.वि | ३ | ३ | ० | २२ |
| ४१. | बाराही प्रा.वि | ३ | ३ | ० | ५१ |
| ४२. | कृष्णमहादेव आ.वि | ४ | ४ | ० | ४९ |
| ४३. | माछापुच्छ्रे मा.वि | १८ | १८ | १ | ६१९ |
| | जम्मा | २७५ | २७५ | १८ | ३८९९ |

यस सम्वन्धमा निम्नानुसार देखिएको छ।

- सि नं २३ को शिवशंकर प्रा.वि मा शिक्षक दरबन्दी तथा पदपूर्ती २ जना रहेको छ भने विद्यार्थी संख्या १२ रहेको छ। त्यसैगरी सि.न.४१ को बाराही प्रा.वि.मा शिक्षक दरबन्दी तथा पदपूर्ती ३ जना रहेकोमा विद्यार्थी संख्या ५१ रहेको छ। विद्यार्थी संख्या,शिक्षक दरबन्दी तथा पदपुर्ती र भौगोलिक दुरीका आधारमा न्युन विद्यार्थी संख्या भएका विद्यालयहरुलाई एक आपसमा गाभ्ने तर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ।

**स्वास्थ्यतर्फः**

| | | |
|---|---|---|
| ५५. | **तलवमा दोहोरो खर्चः ५।२०७६।६।१०-**आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ को उपनियम ८ मा कुनै रकमको भुक्तानी दिदा रित पुगे नपुगेको जाँच गर्नु पर्ने उल्लेख छ ।पालिका कार्यरत स्वास्थ्यकर्मी द्धय श्री सुनिता नेपालीको रु.१८१७६।०० र अध्ययन विदामा रहनु भएका श्री सिर्जना आचार्यको रु.२९६९५।०० समेत गरी रु.४७८३५।०० मिति २०७७ कार्तिक १ वाट लागु हुने गरी गएको रमना लिई गएको अवस्थामा पनि पालिकाले निजको नाममा तलव भत्ता भुक्तानी गरी खर्च लेखेको पाईयो।टलिफोन मार्फत सोधनि हुँदा सरुवा भएर गएको कार्यालयवाट पनि तलब भत्ता बुझेको पाइएको र उक्त दोहोरो परेको रकम मध्ये केहि रकम वैकं दाखिला गरेको भौचर लेखापरीक्षणका क्रममा प्राप्त भएका र केहि रकम बांकि भएको हुंदा उक्त बाँकी रकम सम्बन्धित व्यक्तिहरुवाट असुल गरी संघिय संचितकोषमा दाखिला गर्नुपर्ने रु.. | ४७८३५ |
| ५६. | **अनुगमन भत्ताः ६।२०७७।३।२४-**गण्डकी प्रदेश सरकारबाट जारी भएको गाउँसभा, नगरसभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्वन्धी ऐन, २०७६ को अनुसूचीमा पदाधिकारीलाइ मासीक रुपमा अनुगमन वापत भत्ता दिने व्यवस्था अनुसार यस पालिकाले आ व २०७६।७७ को अनुमगन भत्ता लगायतको सम्पुर्ण सुविधा आ.व २०७६।७७ मा भुक्तानी गरेको देखिन्छ।तर राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण कार्यक्रम सम्बन्धि अनुगमन भनी पालिकास्थित वडाहरुमा अनुगमन गरेको भनि पुनः भत्ता गएको देखिदा एउटै नाममा दोहोरो भत्ता गएको देखिन्छ।अन्य कानुनमा यसरी भत्ता दिने व्यवस्था नभएकोले उक्त भत्ता वापत भुक्तानी भएको रकमबाट पालिकालाई थप व्ययभार परेको रु... | ३७५७५ |
| ५७. | **औषधी खरिदः**सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था भए छ।तर स्थानीय तहले उक्त प्रक्रिया वेगर विभिन्न सप्लायर्सवाट रु ८लाखको औषधि सोझै खरिद गरेको छ।यस सम्बन्धी देखिएको व्यहोराहरु न्निानुसार छनः | |
| | खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको | |
| | आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको | |
| | आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन । | |
| | औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको, | |
| | औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको । | |
| | तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ। | |
| ५८. | **प्रधानमन्त्री रोजगार कार्यक्रमः**स्थानीय तहमा सुचिकृत वेरोजगार व्यक्तिलाई न्युनतम रोजगारी प्रत्याभुत गराउन एवम् सामुदायिक पुर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउन प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन भएको छ।गाँउपालिकामा यस वर्ष प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत पैदल मार्ग निर्माण र सडक तथा वाटो मर्मत कार्यमा रु.८लाख ७६ हजार खर्च गरी १०४३श्र मिकलाई प्रत्यक्ष रोजगार प्रदान गरिएको देखिन्छ।प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चलन निर्देशिका २०७५ को दफा २ (ट) मा वेरोजगार व्यक्तिलाई स्थानिय | |

| | | |
|---|---|---|
| | तहको रोजगार सेवा केन्द्रमा सुचिकृत गरी परिचय पत्र वितरण गर्नुपर्ने व्यवस्था गरेको छ। कार्यविधिको दफा १३(१) मा रोजगार सेवा केन्द्रमा सुचिकृत वेरोजगार व्यक्तिहरु मध्येवाट निर्देशिकाको दफा २१ को उपदफा (३) वमोजिमको प्रथामिकता क्रममा आधारमा काममा खटाउनु पर्ने व्यवस्था रहेको छ। गाउँपालिकाले वेरोजगार व्यक्तिहरुको सुचि तयार गरि परिचयपत्र वितरण गरेर प्रथामिकताको आधारमा मात्र कामका लागी पारिश्रमिक कार्यक्रममा सहभागी गराउनु पर्नेमा सो गरेको पाइएन। वडाको सिफारिसका आधारमा मात्र कामदारहरु छनौट गरी कार्यक्रम सञ्चालन गरेको देखिँदा वास्तविक वेरोजगार व्यक्तिहरुले नै रोजगारी प्राप्त गरे भन्ने आधार रहेन। कार्यक्रममा सहभागी कामदारको ज्याला वैकिङ प्रणालीवाट भुक्तानी गर्ने अवस्था हुदा हुदै सो नगरी डोर हाजिरीमा नै भर्पाई गरी पालिकावाट एकमुष्ट रुपमा एक जना व्यक्तिको नाममा रकम निकासा भएकोले वितररण गरिएको रकम विश्वसनिय छ भन्न सकिएन। आयोजना सञ्चालन पुर्व स्थानिय तहले प्राविधिक कर्मचारी खटाई प्राविधिक प्रतिवेदन तयार गर्नुपर्ने र सोको नियमित प्राविधिक सुपरिवेक्षण र अनुगमन गर्नुपर्नेमा कतिपय आयोजनामा प्राविधिक प्रतिवेदन संलग्न भएको छैन। कानुनमा भएको व्यवस्थाको पालना गर्दै सुचिकृत वेरोजगारहरुले रोजगारी पाउने अवस्थाको सृजना गरेर रोजगार व्यवस्थापन सुचना प्रणालीलाई अद्यावधिक गर्दै कामका लागी पारिश्रमिक कार्यक्रमलाई विश्वसनिय तथा प्रभावकारी वनाउनुपर्दछ। | |
| ५९. | **पेश्की बाँकीः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ मा आर्थिक बर्षको अन्त्यसम्ममा पेश्की फछ्यौट गरी सक्नु पर्ने व्यवस्था भएकोमा आर्थिक बर्षको अन्त्यसम्ममा फछ्यौट नभई अपाङ्गता सम्वन्धी सराकारवालाहरुवीच अन्तरक्रिया कार्यक्रमको लागि अपाङ्गता स्वावलम्वन समूहको नाममा बाँकी रहेको पेश्की रु ३३०००।००, मिति २०७८।०८।०४ मा गो भौ न ८४ बाट खर्च नभई फिर्ता समायोजन भएको प्रमाण पेश भएको छ। | |
| ६०. | **अनुगमन तथा सम्परीक्षण** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ। सोही ऐनको दफा ८४ (२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ। यो वर्ष लेखापरीक्षणको क्रममा रु२०४६४०२।०० सम्परीक्षण भएको र तत्पश्चात आ व २०७५।७६ को अन्तिम लेखापरीक्षण प्रतिवेदनको दफा नं ३७ मा उल्लेखित पदाधिकारी वीमा प्रिमियम वापतको वेरुजु रु ५००८११।०० मध्ये रु ३२७७६३।०० असूल भई फछ्यौट भएकोले असूल भएको समेत कुल जम्मा रु२३७४१६५।०० संम्परीक्षण गरिएको छ। | |

अनुसु च १

## पा लकाको सं चतकोषको ववरण

## २०७६।०७७

प्रदेशः गण्डकी (रु हजारमा)

| क्र.सं. | स्थानीय तह | जिल्ला | आय | | | | | जम्मा आय | | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | संघ तथा प्रदेश अनुदान | राजस्व वाडफाड | आन्तरीक आय | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ | ६ (२+३+४+५) | ७ | ८ | ९ | १० (७+८+९) | ११ (१+६-१०) |
| १ | माछापुच्छ्रे गाउँपालिका | कास्की | १०३६९१ | ३५५३७२ | ६१४६७ | ३८५३० | १५२४७३ | ६०७८४२ | २६७३२१ | ११५३५४ | १४८२०० | ५३०८७५ | १८०६५८ |

## बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

अनुसु च २

## २०७६।७७

(रु हजारमा)

| सि नं | जिल्ला | स्थानिय तहको नाम | प्रारम्भिक वेरुजु | | | प्रतिक्रियावाट फछ्यौट | | | वाँकी वेरुजु | | | वाँकी वेरुजु | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | अशुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैदान्तिक | लगति | | सैदान्तिक | लगति | | सैद्धान्तिक | लगती | | | अनिय मत भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभनां न लएको | जम्मा | कमंचारी | अन्य | जम्मा |
| १ | कास्की | माछापुच्छ्रे गाउँपालिका | ३१ | ४० | ३४०८६ | ० | ६ | ९४५ | ३१ | ३४ | ३३१४१ | ११७५३ | १६५५९ | ४८२९ | ० | ० | २१३८८ | ० | ० | ० |

अनुसुची ३

## अद्यावधिक वेरुजु स्थीती

(रु हजारमा)

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| क्र स | स्थानिय तह | जिल्ला | गत बर्ष सम्मको बाँकी | यो बर्षको फछ्यौट | बाकी | यो बर्ष सम्पबाट कायम बेरुजु | यो बर्षको बेरुजु | कुल बाकी बेरुजु |
| १ | माछापुच्छ्रे गाउँपा लका | कास्की | २८२६४ | २३७४ | २५८९० | ० | ३३१४१ | ५९०३१ |